नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

वर्ष ४ • अंक २०९ • २०८३ साल असार ०३ गते बुधवार • Wednesday 17, June 2026 • सूर्योदय: बिहान ०५:११ बजे • सूर्यास्त: साँझ ०७:०१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## सवारी दुर्घटनामा १ जनाको मृत्यु, २ घाइते

**राकेश यादव**
**रौतहट ।**
गरुडा नगरपालिका वड़ा नम्बर ४ स्थित भित्री सड़क खण्डमा मंगलबार भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा २ जना घाइते भएका छन् ।
ना२८प७२५९ नम्बरको मोटरसाइकल र मप्र०३–००१क २५१६ नम्बरको टिपर एक आपसमा ठोकिँदा भएको दुर्घटना गम्भीर घाइते भएका मोटरसाइकलमा सवार कटहरिया नगरपालिका वडा नम्बर ६ फतेपुरका २० वर्षीय शेख सोहेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।
गम्भीर घाइते भएका सोहेललाई उपचारको लागि बेटर नेपाल हस्पिटल गरुडा पठाउदा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक बसन्त गौतमले जानकारी दिए ।
प्रहरीका अनुसार दुर्घटनामा घाइते मोटरसाइकल चालक गरुडा नगरपालिका वडा नम्बर ८ का २२ वर्षीय शेख आशिक र कमरानको अवस्था सामान्य छ । घटनाको जानकारीपछि इलाका प्रहरी कार्यालय गरुडाबाट गएको टोलीले टिपरसहित चालक चन्द्रपुर नगरपालिका ५ का ४३ वर्षीय धर्मलाल चौधरीलाई नियन्त्रणमा लिएर घटनाको थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ । बिगत केही दिनदेखि यस क्षेत्रमा टिपरको आतंक बढेको छ । यसअघि टिपरले ठक्कर दिँदा एकजना साइकल यात्रीको घटनास्थलमै मृत्यु भएको थियो ।

# राजनीतिक भागबण्डाले धोबिनी गाउँसभा अवरुद्ध
# नीति–कार्यक्रम अन्योलमा




**हरिशंकर शर्मा**
**वीरगंज।**
पर्साको धोबिनी गाउँपालिकामा जनप्रतिनिधिहरूबीच बढ्दो राजनीतिक ध्रुवीकरण र शक्ति प्रदर्शनको प्रतिस्पर्धाले आगामी आर्थिक वर्ष २०८३÷८४ को नीति तथा कार्यक्रम पारित गर्ने प्रक्रिया प्रभावित बनेको छ । स्थानीय सरकार सञ्चालनका लागि अत्यन्त महत्वपूर्ण मानिएको गाउँसभा बैठक नै राजनीतिक भागबण्डाको विवादका कारण स्थगित हुन पुगेपछि गाउँपालिकाको प्रशासनिक तथा विकास गतिविधि अन्योलमा परेको छ।
सोमबार नीति तथा कार्यक्रम अनुमोदन गर्ने उद्देश्यसहित गाउँसभा बैठक आह्वान गरिएको थियो । तर अध्यक्ष र उपाध्यक्ष पक्षबीच लामो समयदेखि चल्दै आएको शक्ति संघर्ष निर्णायक मोडमा पुगेपछि बैठक सञ्चालन हुन सकेन । औपचारिक रूपमा प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिलाई बैठक नबस्नुको कारण बताइएपनि गाउँपालिकाभित्रको वास्तविक समस्या भने राजनीतिक समीकरण र बहुमतको दाबी–प्रतिदाबी रहेको स्रोतहरूको भनाइ छ।
गाउँपालिका अध्यक्ष मदन चौहान पक्षले आफ्नो पक्षमा बहुमत रहेको दाबी गर्दै नीति तथा कार्यक्रम पारित गर्ने तयारी गरिरहेको थियो । अर्कोतर्फ उपाध्यक्ष मञ्जुदेवी कुर्मी पक्षले पनि गाउँसभा सदस्यहरूको पर्याप्त समर्थन आफूहरूसँग रहेको भन्दै अध्यक्ष पक्षको प्रयासलाई चुनौती दिएको थियो । उपाध्यक्ष पक्षले १८ जना गाउँसभा सदस्यको समर्थन प्राप्त भएको दाबी सार्वजनिक गरेपछि दुवै समूहबीचको विवाद थप चर्किएको थियो।
राजनीतिक वर्चस्व स्थापित गर्ने प्रतिस्पर्धा यति तीव्र बनेको थियो कि बैठक सञ्चालन भए विवाद, होहल्ला वा झडपसमेत हुन सक्ने अवस्था सिर्जना भएको स्थानीय स्रोतहरूको दाबी छ । यही संवेदनशील परिस्थितिमा प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद खतिवडा कार्यालयमा उपस्थित नभएपछि गाउँसभा बैठक औपचारिक रूपमा स्थगित भएको बताइन्छ। यद्यपि उनको अनुपस्थितिलाई मात्र कारण देखाएर वास्तविक राजनीतिक विवादलाई ढाकछोप गर्ने प्रयास भएको आरोपसमेत उठ्न थालेको छ।
बैठक कहिले बस्ने भन्ने विषय अझै स्पष्ट हुन सकेको छैन। यसले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामाथि थप प्रश्न खडा गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनअनुसार असार १० गतेभित्र नीति, कार्यक्रम र बजेट पारित गरिसक्नुपर्ने कानुनी व्यवस्था रहेपनि धोबिनीमा राजनीतिक खिचातानीका कारण उक्त प्रक्रिया जोखिममा परेको देखिन्छ।
धोबिनी गाउँपालिका मात्र होइन, पर्साका अधिकांश स्थानीय तह पनि यस्तै राजनीतिक असहमति र आन्तरिक शक्ति संघर्षको मारमा परेका छन्। हालसम्म जिल्लाका १४ स्थानीय तहमध्ये कुनै पनि पालिकाले बजेट सार्वजनिक गर्न सकेका छैनन्। केही पालिकाले नीति तथा कार्यक्रम पारित गरेपनि बजेट निर्माण प्रक्रिया अझै अधुरो छ।
स्थानीय विकास, सेवा प्रवाह र जनअपेक्षाभन्दा राजनीतिक भागबण्डा तथा पदगत प्रभावलाई प्राथमिकता दिइँदा धोबिनी गाउँपालिकाको गाउँसभा अवरुद्ध भएको छ। समयमै सहमति नजुटे स्थानीय सरकारको वार्षिक योजना र बजेट निर्माण प्रक्रिया नै प्रभावित हुने खतरा बढ्दै गएको छ, जसको प्रत्यक्ष असर आम नागरिक र विकास आयोजनामाथि पर्ने निश्चित देखिन्छ । हालसम्म जिल्लाका १४ स्थानीय तहमध्ये कुनै पनि पालिकाले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्न सकेका छैनन् । यद्यपि जगरनाथपुर, जिराभवानी र कालिकामाई गाउँपालिकाले भने नीति तथा कार्यक्रम पारित गरिसकेको जनाइएको छ।

# त्रिभुवन राजपथ क्षेत्रका अवैध संरचना हटाउन पाँच दिनको अन्तिम चेतावनी



**मधेशदृष्टि**
**वीरगंज।**
सडक डिभिजन कार्यालय हेटौँडाले त्रिभुवन राजपथको सडक सीमाभित्र अझै बाँकी रहेका अवैध संरचनाहरू पाँच दिनभित्र स्वेच्छाले हटाउन सम्बन्धित पक्षलाई अन्तिम चेतावनी दिएको छ। तोकिएको अवधिभित्र संरचना नहटाइए कानुनी प्रक्रिया अनुसार कार्यालय आफैँले हटाउने तयारी गरेको जनाएको छ । डिभिजन प्रमुख किरण कार्कीका अनुसार सडक ऐन, २०३१ को व्यवस्था बमोजिम सडक अतिक्रमण गरेर बनाइएका संरचनाहरू हटाउने कार्यलाई अब थप कडाइका साथ अघि बढाइनेछ।
समयसीमा समाप्त भएपछि सडक सीमा खाली गराउन डोजर प्रयोग गरी संरचना भत्काइने उनले स्पष्ट पारे। यस सम्बन्धमा सडक डिभिजन कार्यालयले सार्वजनिक सूचना जारी गर्दै त्रिभुवन राजपथअन्तर्गत वीरगंजको सिरसिया मितेरी पुलदेखि बहुअरी गण्डक चोकसम्मको सडक खण्डमा सडकको केन्द्र रेखाबाट दायाँ–बायाँ २५–२५ मिटर क्षेत्र संरक्षण गर्ने अभियान गत वैशाख ६ गतेदेखि नै सञ्चालन भइरहेको जानकारी गराएको छ।
सडक विस्तार तथा सीमा संरक्षण अभियानका क्रममा धेरै संरचनाहरू आंशिक रूपमा हटाइएका छन् । तर केही भवनहरू अझै पूर्ण रूपमा नहटाइएको र क्षतिग्रस्त अवस्थामै प्रयोग भइरहेको पाइएको कार्यालयको भनाइ छ। साथै कार्यालयले सार्वजनिक सूचनाको बेवास्ता गर्दै कतिपय घरधनी तथा व्यवसायीहरूले जोखिमयुक्त भवनमै बसोबास तथा व्यापार सञ्चालन गरिरहेको अवस्था देखिएपछि कार्यालयले थप सतर्कता अपनाएको हो।
डिभिजन प्रमुख कार्कीले आंशिक रूपमा भत्किएका वा क्षति पुगेका भवनहरूमा बसोबास तथा व्यवसाय सञ्चालन नगर्न आग्रह गरेका छन्।
त्यस्ता संरचनाहरू कुनै पनि बेला दुर्घटनाको कारण बन्न सक्ने भएकाले तत्काल सुरक्षित स्थानमा सर्न सम्बन्धित पक्षलाई अनुरोध गरिएको छ। जोखिमयुक्त भवनमा बसोबास वा व्यापारिक गतिविधि सञ्चालन गरेमा त्यसबाट उत्पन्न हुन सक्ने सम्भावित दुर्घटनाको जिम्मेवारी सम्बन्धित व्यक्ति स्वयंले वहन गर्नुपर्ने चेतावनी दिएको छ।
सडक सीमा संरक्षण तथा अतिक्रमण हटाउने अभियानलाई प्रभावकारी बनाउन प्रशासनले अन्तिम चरणको कदम चालेसँगै अब पाँच दिनभित्र सम्बन्धित पक्षले संरचना हटाउने वा सरकारी कारबाही सामना गर्ने अवस्था सिर्जना भएको छ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन हेटौँडा
मकवानपुर

सडक डिभिजन हेटौँडाको सडक सीमा खाली गरिदिने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति २०८३/०३/०२

यस डिभिजन अन्तर्गत त्रिभुवन राजपथको सिरसिया मितेरी पुलदेखि बहुअरी गण्डक चोक सडक खण्डमा सडकको केन्द्र रेखाबाट दायाँ बायाँ २५-२५ मिटर सडक सीमा संरक्षण कार्य मिति २०८३/०१/०६ गतेबाट प्रारम्भ गरेकोमा उक्त कार्य पश्चात् पनि क्षतिग्रस्त भवनमा हालसम्म पनि बसोबास र व्यापार गरिरहेको बुझिएकोले उक्त जोखिमयुक्त भवनहरुमा बसोबास नगर्न तथा व्यापार व्यवसाय सञ्चालन नगर्न यस डिभिजन अनुरोध गर्दछ । यस सूचनालाई अवज्ञा गरी कुनै अप्रिय घटना घटेमा निज स्वयम् जिम्मेवार हुने व्यहोरा जानकारी गराइन्छ । साथै सडक सीमा भित्र बाँकी रहेका संरचनाहरु ५ (पाँच) दिन भित्र आफैं हटाउनुहुन अनुरोध छ । अन्यथा यस डिभिजनबाट सडक ऐन, २०३१ बमोजिम सडक सीमा संरक्षण कार्य अन्तर्गत सडक सीमा भित्र रहेका संरचनाहरु हटाइने व्यहोरा समेत जानकारी गराइन्छ ।


डिभिजन प्रमुख
सडक डिभिजन हेटौँडा

# मधेशबाट अर्को दल, राष्ट्रिय एकता दल र विनयको अग्निपरीक्षा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
परम्परागत दलहरूको भीड र नाराबाजीबाट वाक्क जनता नयाँ खोजिरहेका छन्। मधेशमा २०८२ मा भएको प्रतिनिधि सभा निर्वाचनमा देखिएको नयाँ अनुहारले पुराना पार्टी र पाका नेताहरु अब फेरि सत्तामा फर्कन सक्लान् र भन्ने प्रश्न चिन्ह खडा भएको छ।
यस्तै बेला विनय यादवको नेतृत्वमा रहेको राष्ट्रिय एकता दल (साविकको राष्ट्रिय एकता अभियान) राजनीतिक परीक्षामा उत्रने तयारीमा जुटेको छ। ‘सोच, विचार र एक्सन’को राजनीति गर्ने भनेर दलले आफूलाई राजनीतिक मैदान उतार्न खोजेको छ।
नेपालको भूराजनीतिक संवेदनशीलता, आन्तरिक सुशासनको संकट र सामाजिक–सांस्कृतिक पहिचानमाथि भइरहेका प्रहारविरुद्ध पछिल्ला वर्षहरूमा प्रखर र जुझारु शक्तिको रूपमा क्रियाशील यादव नेतृत्वको संस्था राजनीतिक दलमा रुपान्तरण भएको हो । एकात्मक मानववाद तथा सांस्कृतिक राष्ट्रवादको सिद्धान्तमा निहित भई सडकदेखि नीतिगत तहसम्म निरन्तर पहरेदारी गरिरहेका यादव र उनको दलले राज्यसत्तालाई समेत निर्णय सच्याउन बाध्य पारेका केही प्रतिनिधिमूलक उपलब्धि अब दलका रुपमा अघि बढ्दा कति सफल होलान्, अग्निपरीक्षा सुरु भएको छ।
राष्ट्रियताका मुद्दा
यादवको राष्ट्रिय राजनीतिमा दरिलो उपस्थिति भौगोलिक अखण्डता र सार्वभौमसत्ताको मुद्दालाई उठाएपछि देखिन थालेको हो । उत्तरी छिमेकी चीनद्वारा हुम्लामा नेपाली भूमि अतिक्रमण भएको विषयलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउन सफल यादव सडकमा चर्किएको यही आन्दोलनकै जगमा सरकारले अन्ततः छानबिन समिति गठन गर्न बाध्य भएको विषयलाई उपलब्धी ठान्छन् । सीमा विवादलाई सरकारीस्तरमै अभिलेखिकरण गर्ने बाटो खोलेको यो घटनापछि पनि यादव राजनीतिक हिसाबले अघि बढ्ने तयारीमा लागेका हुन् । रक्षा मन्त्रालयमार्फत चीनबाट गर्न लागिएको अनावश्यक र अपारदर्शी हतियार खरिद प्रक्रियाविरुद्ध त्यतिखेर राष्ट्रिय एकता दलले कडा प्रतिरोध गरेको थियो । आर्थिक चलखेल र रणनीतिक स्वार्थ लुकेको भनिएको हतियार खरिद

बाँकी पृष्ठ २ मा






## नागरिक संवादको थलो बन्दै 'हेलो सरकार':

# उजुरी र गुनासो व्यवस्थापनमा उल्लेख्य सुधार

**काठमाडौँ।**
सेवा प्रवाहमा नागरिकका गुनासा, सुझाव, जिज्ञासालाई राज्य संयन्त्रसम्म सहज रूपमा पुर्याई तिनको प्रभावकारी सम्बोधन गर्ने उद्देश्यले सञ्चालनमा रहेको 'हेलो सरकार' प्रणाली सार्वजनिक प्रशासन र सुशासनको महत्वपूर्ण औजारका रूपमा स्थापित हुँदै गएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सञ्चालित यो विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा नागरिकको पहुँच विस्तार भएसँगै उजुरी तथा गुनासोको संख्या उल्लेख्य रूपमा बढेको छ । सरकारले यो प्रणालीलाई गुनासो सुनुवाइको माध्यममा सीमित नराखी नागरिक–सरकार संवाद, नीतिगत सुधार तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर मापन गर्ने एकीकृत 'प्लेटफर्म'का रूपमा विकास गर्ने रणनीतिसहित अघि बढाएको छ।

शासकीय सुधारसम्बन्धी सरकारको सयदिने कार्यसूचीको बुँदा नम्बर २४ मा २४ घण्टा नै राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्ने लक्ष्य राखिएको थियो । त्यसलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको 'हेलो सरकार' शाखामार्फत कार्यान्वयनमा ल्याइसकेको छ। कार्यसूचीको सोही बुँदामा रहेको फोन, मोबाइल एप, वेबपोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्न सकिने 'बहुच्यानल' प्रणाली स्थापना गर्ने काम अन्तिम चरणमा पुगेको प्रधानमन्त्री कार्यालयअन्तर्गतको हेलो सरकार शाखाका उपसचिव कृष्णप्रसाद सापकोटाले जानकारी दिए । बहुच्यानल प्रणाली कार्यान्वयनमा आउनेबित्तिकै विभिन्न माध्यमबाट हेलो सरकारमा आएका उजुरी तथा गुनासोहरू स्वचालित रूपमा सम्बन्धित कार्यालयसम्म जाने मात्र नभई त्यसको निगरानीसमेत प्रभावकारी ढङ्गले हुने र नतिजा प्राप्तिमा समेत सहज हुने अपेक्षा गरिएको छ।

त्यस्तै, बुँदा नम्बर २५ मा हेलो सरकारलाई स्तरोन्नति गरी नागरिक संवादको प्लेटफर्मका रूपमा विकास गर्ने, एकीकृत 'ड्यासबोर्ड'मार्फत सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय गर्ने तथा गुनासो समाधानको प्रगति वास्तविक समयमा अनुगमन गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको छ। सोही अनुसार अहिले सरकारले 'हेलो सरकार'मा आउने गुनासोलाई नीतिगत बहसको आधार बनाउने तयारी गरिरहेको छ। नागरिकका गुनासा र सुझावबाट प्राप्त सूचना विश्लेषण गरी आवश्यक नीति निर्माणसहित सुधार प्रक्रियामा उपयोग गर्ने अवधारणा विकास भइरहेको उपसचिव सापकोटाले बताए।

त्यस्तै, आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले समेत हेलो सरकारलाई 'सरकार–नागरिक' संवादको केन्द्रीय प्लेटफर्मका रूपमा विकास गर्ने नीति लिएको छ । बजेटमा सरकारी कार्यालयहरूमा 'डिजिटल टाइमकार्ड' लागू गर्ने तथा हेलो सरकारमार्फत प्राप्त गुनासो निश्चित समयसीमाभित्र सम्बोधन गर्नुपर्ने व्यवस्था गर्ने उल्लेख छ । गुनासो सम्बोधनको अवस्थालाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग समेत जोड्ने तयारी भइरहेको छ । यसबाट सार्वजनिक प्रशासनमा उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको विकास हुने उपसचिव सापकोटा बताउँछन्।

प्रविधिको उपयोगलाई थप विस्तार गर्दै हेलो सरकारले कृत्रिम बौद्धिकता (एआई) आधारित प्रणाली विकासको तयारी पनि गरिरहेको छ। अब गुनासो दर्ता हुनेबित्तिकै स्वचालित रूपमा सम्बन्धित कार्यालयमा पुग्ने, गुनासोकर्तालाई जानकारी गराउने तथा प्रगति अवस्थाबारे नियमित सूचना दिने प्रणाली लागू हुनेछ। टेलिफोनमार्फत प्राप्त हुने गुनासोलाई समेत एआईको सहयोगमा स्वतः शब्दमा रूपान्तरण गरी प्रणालीमा प्रविष्ट गर्ने प्रविधि विकास गर्ने तयारी गरिएको छ । यसबाट हाल प्रणालीमा दर्ता नभई टेलिफोनबाटै समाधान हुने कतिपय गुनासो पनि अभिलेखीकरणको दायरामा आउने अपेक्षा गरिएको छ। हाल हेलो सरकारको विद्युतीय गुनासो व्यवस्थापन प्रणालीमा तीन हजार ७६९ वटा सरकारी तथा सार्वजनिक निकाय आबद्ध छन् । उक्त प्रणाली सञ्चालनका लागि २६ जना कर्मचारी तीन सिफ्टमा २४सै घण्टा खटिएका छन् । प्रधानमन्त्री कार्यालयले हेलो सरकारलाई प्रत्यक्ष गुनासो फछ्र्यौट गर्ने निकायभन्दा पनि नीतिगत सहजीकरण, स्रोत व्यवस्थापन र अनुगमन गर्ने निकायका रूपमा विकास गर्ने रणनीति लिएको छ।

**गुनासो दर्ता र फछ्र्यौटमा हालसम्मकै उच्च आँकडा**

हेलो सरकार सार्वजनिक निकायका कामकारबाहीसम्बन्धी जिज्ञासा, गुनासो तथा सुझाव सम्बोधन गर्ने उद्देश्यले स्थापना गरिएको प्रणाली हो । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको 'हेलो सरकार गुनासो व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०७८'ले नागरिकलाई सरकारी निकायका कामकारबाहीसम्बन्धी गुनासालाई प्रत्यक्ष, सरल र व्यवस्थित ढङ्गले सम्बोधन गर्न सक्ने कानुनी आधार प्रदान गरेको छ।

उक्त निर्देशिकाले प्राप्त गुनासोलाई शीघ्र सम्बोधन गर्ने, सेवा प्रवाहसम्बन्धी जिज्ञासाको समाधान गर्ने तथा प्रभावकारी गुनासो सञ्जाल विस्तार गर्ने उद्देश्य लिएको छ। करिब डेढ दशकअगाडि २०६८ कात्तिक १७ गतेबाट हेलो सरकार सेवा सञ्चालनमा आएको भए पनि त्यसलाई प्रभावकारी बनाउन सकिएको थिएन । विद्यमान सरकारले शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीमा नै यो विषय समावेश गरेपछि अहिले नागरिकका गुनासो दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख प्रगति देखिएको छ।



पछिल्ला तीन वर्षको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०८०/८१ मा ११ हजार ९३२ वटा गुनासो तथा उजुरी प्राप्त भएका थिए। आव २०८१/८२ मा यो सङ्ख्या बढेर १७ हजार ९७७ पुगेको थियो । तर चालु आव २०८२/८३ को जेठ मसान्तसम्ममा उल्लेख्य सङ्ख्यामा वृद्धि भई ४५ हजार ६२३ वटा गुनासो तथा उजुरी दर्ता भइसकेका छन् । यो संख्या टेलिफोनमार्फत प्राप्त भई तत्काल समाधान भएका गुनासोबाहेकको हो । यो तथ्याङ्कले पनि सार्वजनिक सेवा, सुशासन तथा उत्तरदायित्वका विषयमा नागरिकको चासो र सहभागिता उल्लेखनीय रूपमा बढेको देखिन्छ।

प्रधानमन्त्री कार्यालयका अनुसार मंगलबार असार २ गते मंगलबार बिहान ९:०० बजेसम्म हेलो सरकार प्रणालीमा कुल एक लाख १६ हजार सातवटा गुनासो दर्ता भइसकेका छन् । तीमध्ये ६५ हजार ४६९ वटा अर्थात् कुल गुनासोको ५६.४४ प्रतिशत फछ्र्यौट भइसकेका छन् । सम्बन्धित निकायबाट हेरिए पनि कार्य प्रक्रियामा प्रवेश नगरेका गुनासो १७ हजार ३७९ अर्थात् १४.९८ प्रतिशत छन् । त्यस्तै, प्रशोधन तथा अनुसन्धानका क्रममा रहेका गुनासो १६ हजार ५३२ अर्थात् कुल गुनासोको १४.२७ प्रतिशत रहेका छन्।

वर्तमान सरकार गठन भएको गत चैत १३ गते यही असार १ गते सोमबार दिउँसो १:०० बजेसम्म सात हजार १५० वटा गुनासो पूर्ण रूपमा फछ्र्यौट भइसकेका छन्। पाँच हजार ३३ वटा गुनासो समाधान भए पनि प्रशासनिक प्रक्रियाका कारण अन्तिम फछ्र्यौट हुन बाँकी रहेका छन्।

उपसचिव सापकोटाका अनुसार १९ हजार २३९ वटा गुनासो विभिन्न निकायमा प्रक्रियागत चरणमा रहेका छन्। यो तथ्याङ्कले पनि गुनासो व्यवस्थापनलाई सरकारले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको देखाउँछ।

हेलो सरकारमा प्राप्त गुनासोमध्ये सबैभन्दा धेरै प्रहरी प्रधान कार्यालयसँग सम्बन्धित छन् । प्रहरीसँग सम्बन्धित १० हजार ९७५ वटा गुनासो दर्ता भएका छन् । त्यसपछि नेपाल विद्युत् प्राधिकरणसँग सम्बन्धित पाँच हजार ४५, गृह मन्त्रालयसँग सम्बन्धित तीन हजार १२८, एकीकृत डाटा व्यवस्थापन केन्द्रसँग सम्बन्धित तीन हजार १२३, स्वास्थ्य तथा खाद्य स्वच्छता क्षेत्रसँग सम्बन्धित दुई हजार ९७२ तथा शिक्षा तथा खेलकुद क्षेत्रसँग सम्बन्धित दुई हजार ७९६ वटा गुनासो प्राप्त भएका छन् । सडक विभाग, काठमाडौँ महानगरपालिका, त्रिभुवन विश्वविद्यालय, यातायात व्यवस्था विभागलगायतका निकायसँग सम्बन्धित गुनासो पनि उल्लेख्य सङ्ख्यामा प्राप्त भएको देखिन्छ।

नागरिकले विभिन्न माध्यमबाट हेलो सरकारसमक्ष गुनासो दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ । हाल करिब ४७ प्रतिशत गुनासो हेलो सरकारको वेबसाइटमार्फत प्राप्त हुने गरेका छन् भने ४२ प्रतिशत गुनासो नागरिक एपमार्फत आउने गरेका छन् । यसबाहेक टोल फ्री नम्बरमा फोन गरेर, इमेलमार्फत, फेसबुक, एक्स (ट्वीटर), भाइबर, ह्वाट्सएप, एसएमएस, पत्राचार, गुनासो निवेदन पठाएर तथा प्रत्यक्ष उपस्थित भएरसमेत गुनासो दर्ता गर्न सकिन्छ।

रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., कार्यालय, वीरगंजको

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मितिमा राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने तथा १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा अवस्थामा मिति २०८१/१०/०९ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा १५ दिने तथा मिति २०८२/०८/२३ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा ७ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएका यो सुचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिती २०८३/०३/१० गते बुधवारका दिन** (**८ औं दिन बिदा परेमा लगतै कार्यलय खुलेको दिन**) **दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा आईपुग्ने गरी** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७(सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| |
|---|
| **१)ऋणीको नाम, ठेगाना** |
| **क**) स्व. छठु प्रसाद बरैको नाति, राजेन्द्र प्रसाद बरैको छोरा जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने(ना.प्र.न. ३४१०२२/७९६७ मिती २०६६/१०/२४ जि.प्र.का.पर्सा) बर्ष ३० को **धिरेन्द्र चौरसीया......१ र** जयनारायण प्रसाद चौरसियाको छोरी, स्व. छठु प्रसाद बरैको बुहारी,राजेन्द्र प्रसाद बरैको पत्नि जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने ( ना.प्र.न. १६०३१९५१६ मिती २०४७/१०/२० जि.प्र.का.पर्सा) बर्ष ५४ की **रिता देवि चौरसीया......२** । <br> **ख**) स्व. महन्त राउत बरैको नाति, स्व. छठु प्रसाद बरैको छोरा जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने (ना.प्र.न. १६०३०४३६७ मिती २०३३/०९/०८ जि.प्र.का.पर्सा) बर्ष ६४ की **राजेन्द्र प्रसाद बरै** । |
| **२) कर्जाको प्रकार-व्यक्तिगत आवधिक कर्जा र घर कर्जा** |
| **३) कर्जाको सुरक्षण विवरणः** |
| जयनारायण प्रसाद चौरसियाको छोरी,स्व. छठु प्रसाद बरैको बुहारी,राजेन्द्र प्रसाद बरैको पत्नि जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने ( ना.प्र.न.१६०३१९५१६ ,मिती २०४७/१०/२० जि.प्र.का.पर्सा) बर्ष ५४ की **रिता देवि चौरसीया**को नाममा दर्ता कायम रहेको जिल्ला पसा बिरन्चीबर्वा वडा नं.०४ स्थित किता नं **५३२** को जम्मा क्षेत्रफल **०-१०-४-११ (३४६५.६८वर्ग मिटर** ) को घर जग्गा । |
| **४) व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) स्व. छठु प्रसाद बरैको नतिनी, ,राजेन्द्र प्रसाद बरैको छोरी जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने ( ना.प्र.न. ३४-०१-७१-०९२८१ मिती २०७१/१२/०५ जि.प्र.का.पर्सा) बर्ष २९ को **प्रिन्सी चौरसीया** । <br> **ख**) स्व. छठु प्रसाद बरैको नाति, ,राजेन्द्र प्रसाद बरैको छोरा जिल्ला पर्सा बिरगंज ०६ मा बस्ने ( ना.प्र.न. १६०३३५६९७ मिती २०६३/०७/२३ जि.प्र.का.पर्सा) बर्ष ३५ को **जितेन्द्र चौरसीया** । <br> **ग**) राजेन्द्र प्रसाद बरैको बुहारी, **जितेन्द्र चौरसीयाको** पत्नि जिल्ला पर्सा बिरगंज ०५ मा बस्ने (ना.प्र.न.३४-०१-७८-०२६४० मिती २०७८/०५/०२ जि.प्र.का.पर्सा) बर्ष ३० को **पुजा देवी चौरसीया** । <br> **घ**) राजेन्द्र प्रसाद बरैको बुहारी, **धिरेन्द्र चौरसीयाको** पत्नि जिल्ला पर्सा बिरगंज ०५ मा बस्ने (ना.प्र.न.३४-०१-७८-०२६३३ मिती २०७८/०५/०२ जि.प्र.का.पर्सा) बर्ष २७ को **निभा देवी चौरसीया** । |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्सा बाट प्राप्त गर्न सकिनेछ ।
२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।
४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।
५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिकी गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।
६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।
८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८३ असार ०९ गते मंगलवार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ पुस ०१ गते बुधवार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय, बीरगन्ज, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालयः**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज । टेडारोड, चोर्नी, (जीतपुर)
बर्दिबास(महोत्तरी) ,बरहथवा (सर्लाही) ।


# रिंकु मृत्यु प्रकरणमा तीनजना पक्राउ

**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका वडा नम्बर १२ डाँडाटोल बिजलपुरामा गत शुक्रबार राति भएको स्थानीय रिङ्कुकुमारी सिंहको मृत्यु प्रकरणमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा मृतक रिङ्कुका पति शशिकुमार सिंह, ससुरा रामबाबु सिंह र सासू ललितादेवी सिंह रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले बताए। पक्राउ परेका तीनै जनालाई प्रहरीले महोत्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद लिएर आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धान अगाडि बढाएको जनाइएको छ। मृतक रिङ्कुका बुबा गौशाला नगरपालिका–११ बस्ने शत्रुधन महतोले छोरीको मृत्युको घटनामा संलग्न रहेको आरोपमा निजका पति, ससुरा, सासू, नन्द र नन्दका पतिविरुद्ध किटानी जाहेरी दिएपछि प्रहरीले घटना घटेकै दिनदेखि फरार रहेका उनीहरूमध्ये तीन जनालाई पक्राउ गरेका छन् भने नन्द र नन्दका पति अझै फरार रहेको तथा उनीहरूको खोजतलास भइरहेका प्रहरी प्रवक्ता गोलेले बताए।

# १३६ स्थानीय तहका ल्याबकर्मी आन्दोलनमा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
प्रदेश सरकार तथा स्थानीय तहको साझेदारीमा मधेश प्रदेशका १ सय ३६ स्थानीय तहमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालामा कार्यरत ल्यावकर्मीहरू आन्दोलनमा उत्रेका छन्।

लामो समयदेखि तलब तथा सेवा–सुविधा नपाएको भन्दै उनीहरू संयुक्त संघर्ष समिति बनाएर आन्दोलनमा उत्रिएका हुन् । आन्दोलनरत ल्याबकर्मीहरूले आज जनकपुरधामस्थित जनस्वास्थ्य प्रयोगशालामा धर्ना दिएकाछन् । आर्थिक वर्ष २०८२/०८३ को कार्तिक महिनादेखि हालसम्म तलब प्राप्त नभएको, चाडपर्व भत्ता लगायत कानुनबमोजिमका सेवा–सुविधासमेत नपाएको उनीहरूको गुनासो छ । समस्या समाधानका लागि सम्बन्धित निकायहरूलाई पटक–पटक जानकारी गराउँदा पनि कुनै ठोस पहल नभएकोले आन्दोलनको गर्न बाध्य भएको उनीहरूको भनाई छ।

ल्यावकर्मीहरूले वितेको कात्तिक महिनादेखिको सम्पूर्ण बाँकी तलब तथा चालु आर्थिक वर्षको अन्त्यसम्मको पारिश्रमिक तत्काल भुक्तानी गर्न, सेवा सम्झौता अविलम्ब नवीकरण गर्न तथा चाडपर्व, पोशाक, जोखिम र महँगी भत्ता लगायतका सुविधा उपलब्ध गराउन माग गरेका छन्।

# मधेशबाट अर्को दल, राष्ट्रिय एकता...

प्रक्रिया अन्ततः रद्द हुन पुग्यो, जसले देशको अर्बौँ रुपैयाँ जोगिनुका साथै नेपालको रणनीतिक सन्तुलन समेत कायम रह्यो तर अब यादव नेतृत्वको राजनीति चैँ मैदानबाट जनताले अनुबन्धित गर्लान् कि नगर्लान् भन्ने प्रश्नमा दल उत्तर बन्न जरुरी छ।

**सुशासन र गौरवका आयोजनामा निरन्तर पहरेदारी**

भ्रष्टाचार र नीतिगत ढिलासुस्तीविरुद्ध राष्ट्रिय एकता दलले प्राविधिक र कानुनी तथ्यका आधारमा दबाब सिर्जना गर्दै आएको थियो । राष्ट्रिय गौरवको आयोजना भनिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको ठूलो आर्थिक अनियमितता र गुणस्तरहीन कामको खुलासा गर्दै अभियानले निरन्तर छानबिनको माग गर्‍यो।

फलस्वरूप, सम्बन्धित निकायले छानबिन सुरु गरी योजनाकारहरूलाई कानुनी दायरामा ल्याउने र पक्राउ गर्ने काम भएको छ। अरबौँको लगानी भइसकेर पनि थन्किएका पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान सुरु गराउन यादवको नेतृत्वमा भएका आन्दोलनहरूले नागरिक उड्डयन प्राधिकरण र सरकारलाई ठोस कदम चाल्न बाध्य बनाएको छ।

**मधेशमा सुशासन**

मधेशको राजनीतिमा व्याप्त विसंगति र प्रशासनिक ढिलासुस्तीविरुद्ध यादवले स्थानीय तहमै ओर्लेर न्यायको वकालत गरे । मधेश प्रदेशका तत्कालीन भौतिक विकास मन्त्री जितेन्द्र सोनलको पालामा कमिसनको चक्करमा रोकेर राखिएको उपभोक्ता समितिको भुक्तानी नपाएर छट्पटाएका आम जनता र मजदुरहरूको पक्षमा पैरवी गर्दै यादवले भुक्तानी फरफारक गराउन मुख्य भूमिका खेले। वीरगंज लगायतका सीमावर्ती क्षेत्रमा चिनियाँ नागरिकद्वारा अवैध रूपमा सञ्चालित व्यापार व्यवसायका कारण स्थानीय व्यापारी मारमा परेका थिए । अभियानको कडा आन्दोलन र प्रशासनसँगको समन्वयपछि ती अवैध व्यापार बन्द गराइएपछि राजनीतिक यात्रामा यादवको कदम चलेको हो।

**मौलिकता र सामाजिक सद्भावको रक्षा**

बाह्य सांस्कृतिक अतिक्रमण र बहुसंख्यक जनताको भावनामा ठेस पु-याउने गतिविधिविरुद्ध राष्ट्रिय एकता दल सधैँ सजग रहेको थियो ।समाजमा जातीय विभेद एवं विद्वेष फैलाउने उद्देश्यले इसाई मिसनरीद्वारा प्रायोजित भनिएको टेलिभिजन कार्यक्रम 'जातको प्रश्न' को प्रसारण बन्द गराउन अभियानले सफल दबाब सृजना गरेको थियो।

त्यस्तै, मधेश प्रदेश सरकारले ल्याउन खोजेको र सामाजिक सन्तुलन बिगार्ने ठानिएको विवादास्पद मदरसा विधेयक हाललाई स्थगित गराउन दलले वैचारिक दबाब दियो । यी घटनाक्रमले राष्ट्रिय एकता दलले केवल राजनीतिक मुद्दामा मात्र नभई सामाजिक र सांस्कृतिक क्षेत्रमा पनि सशक्त भूमिका खेलिरहेको देखाउँछ । अब यादव र उनको दलको राजनीतिक यात्रा चैँ कति सफल हुन्छन्, परीक्षा आरम्भ भएको छ।

## प्रेस स्वतन्त्रता कुण्ठित गरी
# अधिनायकवादतर्फ सरकार अग्रसरः पूर्वमुख्यमन्त्री



**सिकेन्द्र पासवान**
**कलैया।**
मधेश प्रदेशका पूर्वमुख्यमन्त्री तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता जितेन्द्र सोनलले वर्तमान सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संकुचित गर्दै मुलुकलाई अधिनायकवादतर्फ धकेल्न खोजेको आरोप लगाएका छन् । मधेश मिडिया काउन्सिलद्वारा बाराको कलैयास्थित करणराज पार्टी प्यालेसमा आयोजित ‘स्वच्छ, विश्वसनीय र मर्यादित पत्रकारिताका लागि आचारसंहिता अभिमुखीकरण’ कार्यक्रममा सम्बोधन गर्दै सोनलले स्वतन्त्र सञ्चारमाध्यममाथि नियन्त्रणको प्रयास लोकतन्त्रका लागि घातक हुने बताए।

उनले प्रेस स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ भएको उल्लेख गर्दै सञ्चार क्षेत्रलाई प्रदान गर्रिंदै आएको लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिन सरकारसँग आग्रह गरे । सोनलले संवैधानिक निकायहरूको स्वतन्त्रतामाथि समेत हस्तक्षेप भइरहेको आरोप लगाए। निर्वाचन आयोगका पदाधिकारीहरूले आफ्नो संवैधानिक अधिकार क्षेत्रभन्दा बाहिर गएर सार्वजनिक अभिव्यक्ति दिइरहेको भन्दै उनले संवैधानिक संस्थाहरूलाई स्वतन्त्र रूपमा काम गर्न दिनुपर्ने धारणा व्यक्त गरे।

कार्यक्रममा उनले नेपाल–भारत सीमासम्बन्धी सरकारी नीतिको पनि आलोचना गरे । सीमा व्यवस्थापन आवश्यक भएपनि सीमावर्ती क्षेत्रका नागरिकको परम्परागत सम्बन्ध र आर्थिक गतिविधिलाई असर पुग्ने गरी नियन्त्रण गर्न खोजिए मधेशमा असन्तुष्टि चर्किन सक्ने चेतावनी दिए । उनले नेपाल–भारत सीमा केवल दुई राष्ट्रबीचको सीमारेखा नभई सामाजिक, सांस्कृतिक र पारिवारिक सम्बन्धको माध्यमसमेत रहेको बताए।

भारतसँगको सीमाबाट सय रुपैयाँभन्दा बढी मूल्यका सामान ल्याउन नपाइने व्यवस्थाप्रति असन्तुष्टि जनाउँदै सोनलले यस्तो निर्णय मधेशका नागरिकको हितविपरीत रहेको दाबी गरे । सीमामा अत्यधिक नियन्त्रणको नीति मधेशवासीले स्वीकार नगर्ने उनको भनाइ थियो।

उनले प्रतिनिधिसभा निर्वाचनमा जनताले दिएको मतादेशको सम्मान गर्नुपर्ने उल्लेख गर्दै जनताको अपेक्षाअनुसार काम गर्नु सरकारको दायित्व भएको बताए । साथै प्रधानमन्त्रीले केही समयअघि नेपालले पनि भारतको सीमा मिचेको भन्ने अभिव्यक्ति दिएको प्रसंग उल्लेख गर्दै त्यसको पुष्टि गर्नुपर्ने, अन्यथा नैतिकताको आधारमा जिम्मेवारी लिनुपर्ने धारणा राखे।

सोनलले सुशासनको नारासहित गठन भएको वर्तमान सरकार व्यवहारमा भने सुशासनको मर्मविपरीत गतिविधिमा संलग्न भएको आरोप लगाए । पुराना राजनीतिक दलहरूको आलोचना मात्र गरेर सरकारले जनअपेक्षाअनुसार परिणाममुखी काम गर्न नसकेको उनको टिप्पणी थियो।

मधेश प्रदेशमा रहेका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षणमा संघीय सरकारको पर्याप्त ध्यान नपुगेको गुनासो गर्दै उनले बाराको सिम्रौनगढस्थित कंकाली मन्दिर, रानीवास तथा बरियारपुरस्थित गढीमाई मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउन पहल गर्न सरकारसँग माग गरे।

मधेश मिडिया काउन्सिलकी कार्यवाहक अध्यक्ष बन्दना झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सिकेन्द्र पासवान, मधेश प्रदेश अध्यक्ष श्याम बञ्जारा तथा जिल्ला अध्यक्ष रमेश सुवेदीलगायत वक्ताहरूले पत्रकारितामा आचारसंहिताको पालनाले सञ्चार क्षेत्रप्रति नागरिकको विश्वास थप मजबुत हुने धारणा व्यक्त गरेका थिए।

कार्यक्रममा सञ्चार विज्ञ धर्मेन्द्र झाले पत्रकार आचारसंहिता, पेशागत उत्तरदायित्व, सञ्चारमाध्यमको विश्वसनीयता तथा मर्यादित पत्रकारिताको महत्वबारे प्रशिक्षण दिएका थिए । सो अवसरमा पूर्वमुख्यमन्त्री सोनल तथा पत्रकार महासंघ बारा अध्यक्ष सुवेदीलाई सम्मानसमेत गरिएको थियो।

## सुनाखरी उपभोक्ता समितिद्वारा
# ३० जना विद्यार्थीलाई छात्रवृत्ति वितरण

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरी गाउँपालिका–५ सुवर्णपुरस्थित ज्ञानवाटिका माध्यमिक विद्यालयका ३० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ।

पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत क्रियाशील सुनाखरी उपभोक्ता समितिले मंगलबार आयोजना गरेको कार्यक्रममा आर्थिक तथा सामाजिक रूपमा विशेष परिस्थितिमा रहेका विद्यार्थीलाई छात्रवृत्ति हस्तान्तरण गरिएको हो।

समितिका अनुसार सामुदायिक विद्यालयमा अध्ययनरत जेहेन्दार, दलित, वन्यजन्तु प्रभावित परिवारका बालबालिका तथा अभिभावकविहीन विद्यार्थीलाई प्राथमिकतामा राखी छात्रवृत्ति वितरण गरिएको हो । राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक सहयोगमा प्रत्येक विद्यार्थीलाई एक हजार पाँच सय रुपैयाँका दरले छात्रवृत्ति उपलब्ध गराइएको समितिका सचिव जीवन श्रेष्ठले जानकारी दिए।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी ठोरी गाउँपालिका अध्यक्ष लालबहादुर श्रेष्ठले शिक्षा क्षेत्रमा सुनाखरी उपभोक्ता समितिले गर्दै आएको योगदानको खुलेर प्रशंसा गरे । उनले पर्सा क्षेत्रमा रहेका पाँचवटा मध्यवर्ती उपभोक्ता समितिमध्ये सुनाखरीले संरक्षणसँगै शैक्षिक विकासलाई समेत प्राथमिकता दिएर उदाहरणीय कार्य गरिरहेको उल्लेख गर्दै अन्य समितिलाई पनि यस्ता कार्यक्रम सञ्चालन गर्न सुझाव दिए।

सुनाखरी उपभोक्ता समितिका अध्यक्ष भीमबहादुर पाख्रेनको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा सदस्य निशा खड्का, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रबहादुर नेवार, प्रधानाध्यापक विर्जु चौधरी, पर्सा राष्ट्रिय निकुञ्जका प्रतिनिधि, अभिभावक, शिक्षक तथा विद्यार्थीहरूको उल्लेख्य सहभागिता रहेको थियो।

समितिले विगतका वर्षहरूदेखि विद्यालय तथा समुदायस्तरमा विभिन्न सामाजिक र शैक्षिक सहयोगमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । यसपटकको छात्रवृत्तिले आर्थिक रूपमा कमजोर तथा विशेष परिस्थितिमा रहेका विद्यार्थीलाई अध्ययनमा थप प्रेरणा मिल्ने विश्वास व्यक्त गरिएको छ।

समितिका पदाधिकारीहरूका अनुसार आगामी असारको तेस्रो साताभित्र दोस्रो चरणको छात्रवृत्ति वितरण कार्यक्रम सञ्चालन गरिनेछ । साथै ठोरी–५ चमरीटोलस्थित प्राथमिक विद्यालयका सम्पूर्ण विद्यार्थीलाई हाउस ड्रेस उपलब्ध गराउने तयारी समेत अघि बढाइएको छ।

## अवैध उत्खननमा प्रयोग भएका
# स्काभेटरसहित १० टिपर नियन्त्रणमा

**सिरहा।**
सिरहा जिल्ला प्रहरीले विभिन्न स्थानबाट नदीजन्य वस्तु अवैध रूपमा उत्खनन तथा ओसारपोसारमा प्रयोग भएका एउटा स्काभेटरसहित १० वटा टिपर नियन्त्रणमा लिएको छ । प्रहरीले सिरहा नगरपालिका–१३ गमहरियास्थित कमला नदीबाट एउटा स्काभेटर र टिपर नियन्त्रणमा लिएको छ भने गोलबजार नगरपालिका–३ गागनखोलनबाट आठवटा टिपर नियन्त्रणमा लिएको छ।

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस क्याम्प गोलबजार र इकाला प्रहरी कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले ग्राभेल लोड गरेको ना ४ ख ८३७३, ना ८ ख १५१९, ना ३ ख ३८११, ना ६ ख ६९८८, म.प्र. ०१–००१ क ०५१४, बा.प्र. ०३–००१ क ०३३८, प्र. २–०१–००१ क ०१९० र म.प्र. ०३–००१ क ३८९३ नम्बरको टिपर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त सूचना अधिकारी नरेश लिम्बूले जानकारी दिए । नदीजन्य वस्तु अवैध उत्खनन भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी त्यस ठाउँमा पुगेपछि सबै टिपर चालक सवारीसाधन छाडेर भागेका प्रहरीले जनाएको छ। रासस

# २८ केजी गाँजासहित तीनजना पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
इलाका प्रहरी कार्यालय गोलबजारले करिब २८ किलो प्रतिवन्धित गाँजासहित तीन जनालाई नियन्त्रणमा लिएको छ। प्रहरीले गोलबजार ७ चोहर्वाबाट ५ किलो ७१५ ग्राम गाँजासहित दुई जना र गोलबजारकै १० नम्वर वडाबाट २२ किलो गाँजासहित एक जनालाई सोमबार राति नियन्त्रणमा लिएको हो।

गोलबजार नपा ७ चहोर्वामा गाँजाको कारोवार भईरहेको भन्ने विशेष सूचनाको आधारमा पुगेका प्रहरीले धर्मपुरबाट चोहर्वा तर्फ आउदै गरेको नम्बर नभएको इलेक्ट्रिक अटोलाई रोकि चेक गर्दा बोरा सहित ५ किलो ७१५ ग्राम गाँजा बरामद गरेको थियो। गाँजा बरामद पछि अटो चालक ३६ वर्षिय रोकेन्द्र बहादुर सुनुवार र सोही अटोको पछारी यात्रि बस्ने सिटमा बसेका भारत विहारको पटना जिल्ला धनरुवा ग्राम पंचायत बस्ने ३० वर्षिय रोहित कुमारलाई नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिएको रोहित कुमारसँगको सोधपुछपछि प्रहरी छक बहादुरको घरसम्म पुगेको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख सुधन केसीले जानकारी दिए। प्रहरीले छक बहादुरको घरमा खान तलासी गर्दा चार वटा बोराको पोकामा थप २२ किलो गाँजा फेला पारेको जनाएको छ। प्रहरीले यस सम्वन्धमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । यसैविच सिराहामा २२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा कर्जन्हा नगरपालिका–४ बस्ने ३५ वर्षीय दिलिप सदालाई गए राति प्रहरीले पक्राउ गरेको छ । दिलिपले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बन्दीपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## विद्युत सेवा प्रभावकारी बनाउन
# कर्मचारीहरुको सम्पर्क नम्बर सार्वजनिक

**मधेशदृष्टि**
**कलैया।**
नेपाल विद्युत प्राधिकरण अन्तर्गत कलैया वितरण केन्द्रले विद्युत सेवा प्रभावकारी र छिटो बनाउन विभिन्न फाँटका कर्मचारीहरूको नामसहित सम्पर्क नम्बर सार्वजनिक गरेको छ।

उपभोक्तालाई विद्युतसम्बन्धी समस्या परेमा तत्काल समाधान गर्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको केन्द्रले जनाएको छ । लाइन मर्मतका लागि मर्मत फाँटतर्फ ०५३–५४०८५३ र ९८५५०९९८५४ नम्बर उपलब्ध गराइएको छ । मर्मत प्रमुख प्रकाश सिम्खडा (९८४५२६०३२), मर्मत इन्चार्ज विपिन चौधरी (९८५७८७४७२) र दिनेश कुमार साह (९८४८५६८५९६) लाई पनि सम्पर्क गर्न सकिने प्रधिकरणले जनाएको छ।

वितरण तथा प्रसारण लाइनमा अवरोध वा विद्युत दुर्घटना भएमा तोकिएका अधिकारीमार्फत सेवा लिन सकिने केन्द्रले जनाएको छ।

त्यसैगरि फ्युज सेवा अन्तर्गत विभिन्न क्षेत्रका लागि जिम्मेवारी तोकिएका कर्मचारी तथा प्रविधिकहरूको नम्बर पनि सार्वजनिक गरेको छ।

# सप्तरीमा स्थानीय तहबाट प्यानकार्ड सेवा

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरी जिल्लाका अधिकांश स्थानीय तहबाट स्थायी लेखा नम्बर (प्यान) कार्डसम्बन्धी सेवा सञ्चालनमा आएको छ । आन्तरिक राजस्व कार्यालय लहानका अनुसार जिल्लाका १८ स्थानीय तहमध्ये १६ वटामा आवश्यक सम्झौता सम्पन्न भई प्यान कार्डलगायत करदाता सेवा सुरु गरिएको हो । कार्यालय प्रमुख कर अधिकृत अमित पौडेलका अनुसार राजविराज नगरपालिका र रुपनी गाउँपालिकामा भने कर्मचारी तालिम बाँकी रहेकाले सेवा सुरु हुन बाँकी छ । ती दुई पालिकामा पनि सम्झौता भइसकेको र तालिमपछि सेवा सञ्चालन हुने उनले बताए।

सेवा सञ्चालन भएका पालिकाहरूमा बोदेबरसाइन, सुरुङ्गा, खडक, डाक्नेश्वरी, शम्भुनाथ, कञ्चनरूप, सप्तकोशी, हनुमाननगर नगरपालिका तथा विष्णुपुर, बलान बिहुल, अग्निसाइर कृष्णासवरण, तिरहुत, महादेवा, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजगढ गाउँपालिका रहेका छन्।

स्थानीय तहमा सेवा विस्तार भएपछि अब नागरिकले प्यान कार्ड बनाउन सदरमुकाम वा करदाता कार्यालय धाउनुपर्ने बाध्यता हटेको छ।

# गोडैता न.पा.–५ का वडाध्यक्ष पक्राउ

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको गोडैता नगरपालिका–५, रामवनका वडाध्यक्ष प्रकाशप्रसाद गुप्तालाई प्रहरीले पक्राउ गरेको छ । केही दिनअघि अदालतको फैसला कार्यान्वयन गर्न पुगेको कर्मचारी तथा प्रहरी टोलीमाथि आक्रमण भएको घटनासम्बन्धी उजुरीका आधारमा उनलाई सोमबार साँझ नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाही का प्रवक्ता तथा डीएसपी वेदप्रसाद गौतमका अनुसार घटनाबारे उजुरी परेपछि अनुसन्धानका लागि वडाध्यक्ष गुप्तालाई पक्राउ गरिएको हो । हाल उनलाई मलङ्गवास्थित जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ । यसै घटनामा जनता समाजवादी पार्टी नेपालका गोडैता–५ वडा समिति अध्यक्ष सुरेन्द्र यादव लाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ।

यता, देवेन्द्र यादव ले वडाध्यक्ष गुप्ता निर्दोष रहेको दाबी गरेका छन् । घटनाका बेला गुप्ता भारतमा रहेको भन्दै उनलाई नियोजित रूपमा दुःख दिने उद्देश्यले पक्राउ गरिएको उनको आरोप छ । नगरप्रमुख यादवका अनुसार अदालतका कर्मचारीमाथि भएको हातपातमा वडाध्यक्षको संलग्नता नभई गाउँका केही महिलाको सहभागिता रहेको थियो।

प्रहरीले भने घटनासम्बन्धी उजुरी र प्राप्त प्रमाणका आधारमा अनुसन्धान अघि बढाइएको जनाएको छ।

## ७५ किलो प्रतिबन्धित
# भारतीय ब्रोइलर कुखुरा बरामद,



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जिराभवानी गाउँपालिका क्षेत्रबाट सशस्त्र प्रहरीले प्रतिबन्धित भारतीय ब्रोइलर कुखुरा र एउटा मोटरसाइकल बरामद गरेको छ । सीमा क्षेत्रमा अवैध रूपमा भित्र्याइँदै गरिएको कुखुरा ओसारपसार नियन्त्रण अभियानअन्तर्गत सशस्त्र प्रहरीले उक्त सामग्री नियन्त्रणमा लिएको हो । सशस्त्र प्रहरी बल बोर्डर आउट पोस्ट महादेवपटिबाट सशस्त्र प्रहरी निरीक्षक जयन्त केसीको नेतृत्वमा खटिएको गस्ती टोलीले जिराभवानी गाउँपालिका–१ स्थित बलुवा गाउँ नजिकैबाट ७५ किलो प्रतिबन्धित भारतीय ब्रोइलर कुखुरा बरामद गरेको जनाएको छ।

सो क्रममा कुखुरा ढुवानीमा प्रयोग गरिएको ना.१० प २२९५ नम्बरको होन्डा साइन मोटरसाइकलसमेत नियन्त्रणमा लिइएको थियो। सशस्त्र प्रहरी बल नम्बर १३ गण पर्साका अनुसार बरामद गरिएको कुखुरा स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरीका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको रोहबरमा नष्ट गरिएको छ । खुला सीमाको दुरुपयोग गर्दै भित्र्याइने प्रतिबन्धित पशुपन्छीजन्य वस्तुले पशु स्वास्थ्य तथा जनस्वास्थ्यमा जोखिम निम्त्याउन सक्ने भएकाले कानुनी प्रक्रिया अनुसार कुखुरा नष्ट गरिएको जनाइएको छ।

जिराभवानी गाउँपालिका–१ का वडा अध्यक्ष रामशरण ख्वासको उपस्थितिमा कुखुरा नष्ट गरिएको सशस्त्र प्रहरीले जनाएको छ। बरामद मोटरसाइकललाई भने आवश्यक अनुसन्धान तथा थप कारबाहीका लागि सम्बन्धित पशु क्वारेन्टाइन कार्यालयमा बुझाइएको छ । सीमा क्षेत्रमा अवैध रूपमा हुने कुखुरा तथा अन्य पशुपन्छीजन्य वस्तुको तस्करी नियन्त्रणका लागि नियमित निगरानी, चेकजाँच र गस्तीलाई थप प्रभावकारी बनाइएको सशस्त्र प्रहरीको भनाइ छ । खुला सीमाको फाइदा उठाएर हुने अवैध आयात रोक्न सुरक्षा निकायले विशेष अभियान सञ्चालन गरिरहेको जनाएको छ।

सुरक्षा निकायले सीमावर्ती क्षेत्रका बासिन्दालाई प्रतिबन्धित वस्तुको अवैध ओसारपसारमा संलग्न नहुन तथा यस्ता गतिविधिबारे जानकारी भए तत्काल सुरक्षा निकायलाई सूचित गर्नसमेत आग्रह गरेको छ।

# अपराधिक उपद्रव मुद्दाका प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्ला अदालतबाट अपराधिक उपद्रव मुद्दामा पक्राउ पुर्जी जारी भएका एकजनालाई प्रहरीले पक्राउ गरी अदालतमा उपस्थित गराएको छ। पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका–३ निवासी ‘अब्बु’ भनिने महमद अयुब हुसेन रहेका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वडा प्रहरी कार्यालय वीर्ताबाट खटिएको प्रहरी टोलीले मंगलबार हुसेनलाई उनकै निवासबाट छपकैयाबाट पक्राउ गरेको हो । उनलाई पर्सा जिल्ला अदालतमा उपस्थित गराइएको प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए । प्रहरीका अनुसार हुसेनविरुद्ध अपराधिक उपद्रवसम्बन्धी मुद्दामा अदालतबाट पक्राउ पुर्जी जारी भएको थियो।

गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा वीरगंजमा भएको निजी तथा सार्वजनिक सम्पत्तिमा तोडफोड, आगजनी तथा लुटपाटका घटनासँग सम्बन्धित आरोपमा उनीविरुद्ध पक्राउ पुर्जी जारी भएको हुन सक्ने जनाइएको छ।

# छतबाट लडेर एकको मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
बाराको कोल्हवी नगरपालिका–३ जुगुवा टोलमा आफ्नै घरको छतबाट लडेर एक पुरुषको मृत्यु भएको छ। मृत्यु हुने व्यक्ति स्थानीय अन्दाजी ५० वर्षीय सोभालाल चौधरी रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार सोमबार राति करिब १:३० बजे चौधरी घरको छतमा रहेका बेला अचानक लड्न पुगेका थिए । पिसाब फेर्ने क्रममा सन्तुलन गुमाउँदा उनी छतबाट तल खसेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। घटनामा उनको टाउको र मुखमा गम्भीर चोट लागेको थियो।

गम्भीर घाइते भएका चौधरीलाई तत्काल उपचारका लागि कोल्हवीस्थित तामागढी अस्पताल पु¥याइएको थियो। त्यहाँ प्रारम्भिक उपचारपछि उनको अवस्था जटिल देखिएपछि थप उपचारका लागि बाराको परवानीपुरस्थित एलएस न्युरो अस्पतालमा रेफर गरिएको थियो । अस्पताल स्रोतका अनुसार उपचारकै क्रममा मंगलबार बिहान करिब ४:४५ बजे चौधरीको मृत्यु भएको हो। घटनापछि अस्पतालमा कार्यरत प्रहरी कर्मचारीले बिहान ४:५५ बजे इलाका प्रहरी कार्यालय कोल्हवीलाई जानकारी गराएका थिए।

सूचना प्राप्त हुनासाथ प्रहरी सहायक निरीक्षक कलम नारायण यादवको नेतृत्वमा प्रहरी टोली अस्पताल तथा घटनास्थलमा खटिएको थियो। आवश्यक अनुसन्धान तथा घटनासम्बन्धी कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । हाल मृतक चौधरीको शव एलएस न्युरो अस्पतालमा राखिएको छ । घटनाको थप अनुसन्धान भइरहेको र अन्य तथ्यहरू संकलन गर्ने कार्य जारी रहेको प्रहरीको भनाइ छ।

# सद्भाव साप्ताहिक भोज सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज।**
मानव सेवाको पवित्र भावनासहित वीरगंजमा सञ्चालन हुँदै आएको सद्भाव साप्ताहिक भोजन सेवा मंगलबारको अवसरमा विशेष कार्यक्रमसहित सम्पन्न गरिएको छ।

वीरगंज–६ स्थित महावीर मन्दिर परिसरमा आयोजित कार्यक्रममा सयौं श्रद्धालु तथा सर्वसाधारणलाई निःशुल्क भोजन र चिसो शर्बत वितरण गरिएको हो । कार्यक्रमका संयोजक रमेशजीका अनुसार मेनरोड–आदर्शनगर क्षेत्रमा प्रत्येक शनिबार नियमित रूपमा सञ्चालन हुँदै आएको यो सेवा विगत ३८६ हप्तादेखि निरन्तर चलिरहेको छ।

उनका अनुसार विशेष पर्व र अवसरहरूमा सेवा अझ व्यापक रूपमा सञ्चालन गर्रिंदै आएको छ । आजको कार्यक्रममा करिब ४०० जनालाई भोजन गराइएको थियो भने करिब १ हजार जनालाई चिसो शर्बत वितरण गरिएको आयोजकले जनाएको छ।

सम्पादकीय

# मधेशको खुम्चिएको बजेट र कार्यान्वयनको चुनौती

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सभामा प्रस्तुत गरेको यो बजेट चालु आर्थिक वर्ष २०८२÷८३ को तुलनामा करिब १३ प्रतिशतले कम हुनुले प्रदेशको खुम्चिँदो स्रोत र संकुचित आर्थिक अवस्थालाई प्रतिविम्बित गर्दछ। अघिल्लो सरकारले ४६ अर्ब ५८ करोड रुपैयाँको महत्त्वाकांक्षी बजेट ल्याए पनि यसपटक सरकारले केही हदसम्म यथार्थपरक हुने प्रयास गरेको देखिन्छ। यद्यपि, बजेटको आकार घट्नुले विकासका आकांक्षाहरूमा कस्तो असर पार्छ भन्ने विषयमा गम्भीर विमर्श आवश्यक छ।

बजेटको आकार घट्नुका पछाडि संघीय सरकारबाट प्राप्त हुने अनुदानमा आएको गिरावट र आन्तरिक राजस्व संकलनको कमजोर लक्ष्य प्रमुख कारण हुन सक्छन्। विगतका वर्षहरूमा ठूलो आकारको बजेट ल्याउने तर खर्च गर्न नसक्ने प्रवृत्तिका कारण सरकारले यसपटक 'पपुलिष्ट' हुनुभन्दा 'रियालिष्टिक' हुने बाटो रोजेको बुझ्न सकिन्छ। तर, नेपालकै सबैभन्दा बढी जनघनत्व र गरिबीको चुनौती रहेको मधेश प्रदेशका लागि बजेटको यो संकुचनले शिक्षा, स्वास्थ्य र पूर्वाधार जस्ता आधारभूत क्षेत्रमा लगानीको कमी हुने जोखिमलाई पनि उत्तिकै बढाएको छ।

यसपटकको बजेटले कृषि, पशुपालन र पर्यटन जस्ता क्षेत्रलाई प्राथमिकतामा राख्ने संकेत गरेको छ। कृषि क्षेत्रका लागि विनियोजित ३५ करोड र पर्यटन प्रवर्द्धनका लागि छुट्याइएको ९ करोड रुपैयाँले प्रदेशको आर्थिक मेरुदण्डलाई बलियो बनाउने लक्ष्य राखेको देखिन्छ। मधेशको समृद्धि कृषिमै आधारित रहेकाले सिँचाइ, मलखाद र बजार व्यवस्थापनमा ठोस कार्यक्रम ल्याउनु अपरिहार्य छ। साना र मध्यम स्तरका यी विनियोजनहरूले परिणाम दिनका लागि लक्षित वर्गसम्म पुग्नु र बिचौलियाको चंगुलबाट मुक्त हुनु जरुरी छ।

मधेश प्रदेशको सबैभन्दा ठूलो समस्या बजेटको अभाव भन्दा पनि विनियोजित रकमको न्यून खर्च र कमजोर कार्यक्षमता हो। विगतका तथ्याङ्कहरूले आर्थिक वर्षको अन्त्यसम्म पनि कुल बजेटको आधा हिस्सा पनि खर्च हुन नसकेको निराशाजनक अवस्था देखाउँछन्। बजेट ल्याउनु एउटा पाटो हो भने त्यसलाई समयमै र पारदर्शी रूपमा खर्च गर्नु अर्को चुनौतीपूर्ण पक्ष हो। प्रशासनिक ढिलासुस्ती, राजनीतिक अस्थिरता र योजना छनोटमा हुने दलीय खिचातानीले गर्दा विकास बजेट फ्रिज हुने रोगबाट मधेश अझै मुक्त हुन सकेको छैन।

अन्त्यमा, बजेटको सफलता यसको अंक वा आकारमा मात्र नभई यसले आम नागरिकको जीवनस्तरमा ल्याउने परिवर्तनमा निर्भर गर्दछ। ४१ अर्बको यो बजेटले मधेशका विपन्न समुदाय, बेरोजगार युवा र किसानका समस्यालाई कति सम्बोधन गर्छ, त्यो कार्यान्वियनको गतिले नै तय गर्नेछ। सरकारले केवल बजेट घोषणामा मात्र सीमित नभई खर्च गर्ने क्षमता अभिवृद्धि गर्न, भ्रष्टाचार नियन्त्रण गर्न र आयोजनाहरूको प्रभावकारी अनुगमन गर्न विशेष ध्यान दिनुपर्छ। खुम्चिएको बजेटलाई अधिकतम सदुपयोग गर्दै नतिजामुखी काम गर्नु नै वर्तमान सरकारको मुख्य अग्निपरीक्षा हुनेछ।

# टरिगाउँ विमानस्थलमा
## 'न त जहाजको टुड्ग्गो, न त बजेटकै'

–दीपक बोहरा/रासस

दाङको तुलसीपुर उपमहानगरपालिका–१२ स्थित टरिगाउँ विमानस्थल नेपालकै पुराना विमानस्थलमा पर्छ। विसं २०११ मा सञ्चालनमा आएको हो तर यस विमानस्थल सुरुआतदेखि जत्रो थियो, त्योभन्दा ठूलो बनाउन सकिएको छैन । हाल विमानस्थलको लम्बाइ ७५० मिटर रहेको छ। धावनमार्ग सानो भएकै कारणले अहिले ठूला विमानहरु बस्न सक्दैनन् । उन्नाइस सिट क्षमताको जहाज मात्रै बस्छन् । त्योभन्दा ठूला जहाज बस्न नसक्दा नियमित पनि हुन सकेको छैन भने भाडा पनि महँगो हुँदा प्रभावकारी रुपमा सेवा सञ्चालन हुन सकेको छैन।

'हामीले हप्तामा चार दिन हवाई सेवा सञ्चालन गरिरहेका छौँ,' नेपाल एयरलाइन्सका तुलसीपुर शाखा प्रमुख बलबहादुर सुनारले भने, 'तर, नियमित छैन, कहिले महिनामा दुई दिन मात्रै पनि चल्छ।' आइतबार, मङ्गलबार, बिहीबार र शुक्रबार उडान हुने भनिए पनि नियमित हुन सकेको छैन । कहिले यात्रु नभएर समस्या हुन्छ भने कहिले मौसमले पनि आउन सक्दैन। यसले गर्दा यहाँका यात्रुहरु भैरहवा र नेपालगञ्ज जानुपर्ने बाध्यता रहेको छ । अहिलेको धावनमार्ग ७५० मिटर मात्रै लम्बाई हुँदा ठूला जहाज बस्न सक्दैनन् । यसको धावनमार्ग विस्तारका लागि पटक–पटक आवाज उठे पनि पूरा हुन सकेको छैन।

तुलसीपुर उपमहानगरपालिकाले उपप्रमुख स्यानी चौधरीको नेतृत्वमा विमानस्थल स्तरवृद्धिको पहलका लागि समिति गठन गरी काम अगाडि बढाएको थियो । 'स्तरवृद्धिका लागि भनेर पटक–पटक मन्त्रालय धाउँदा पनि खासै उपलब्धि हुन सकेन । हाम्रो पालिकाभित्र भएकाले हामीले पहल लिइरहेका छौंँ,' उपप्रमुख चौधरीले भने । उनका अनुसार उपमहानगरपालिकाले यसअघि आफैँले केही यात्रु बराबरको भाडा तिरिदिनेसहमति गरेर विमान नियमित बनाएको थियो भने तुलसीपुर उद्योग वाणिज्य सङ्घले पनि पटक–पटक विमान नियमित बनाउनलाई पहल लिइरहेको थियो।

सुरुआतमा दाङको टरिगाउँ विमानस्थलबाट जहाज रुकुमको सल्ले, चौरजहारी तथा बाँकेको नेपालगञ्ज समेत जान्थ्यो । सुरुमा टरिगाउँ विमानस्थलमा आएर यात्रु लैजानका लागि एक दिन नेपालगञ्ज हुँदै काठमाडौँ जाने गरेको नागरिक समाजका पूर्वअध्यक्ष टीकाराम रेग्मीले बताए। उनका अनुसार अर्को दिन टरिगाउँबाट रुकुमको चौरजहारी गएर पुनः काठमाडौँ जान्थ्यो भने तेस्रो दिन रुकुमको सल्ले गएर काठमाडौँ जान्थ्यो। त्यतिबेला 'डकोटा' नामको विमान चल्थ्यो । यसरी नियमित तीन दिन हवाई सेवा सञ्चालनमा हुन्थ्यो।

वक्तव्यमा आउथ्यो, किताबमा आउँदैनथ्यो

आर्थिक वर्ष २०६८÷६९ को बजेट वक्तव्यदेखि दाङको टरिगाउँ विमानस्थलमा नियमितजसो बजेट वक्तव्यमा आउने गर्थ्यो तर बजेट भने नआउने समस्याले यस क्षेत्रका नागरिक आजित छन् । आव २०६८÷६९ मा धावनमार्ग कालोपत्रे भएको थियो । 'जतिबेला कर्मचारी सञ्चय कोषबाट ऋण लिएर देशका विभिन्न विमानस्थलहरुको कालोपत्रे गरिएको हो, त्यतिबेला हामीसँग पैसा थिएन,' तत्कालीन पर्यटनमन्त्री लोकेन्द्र विष्ट मगरले भने, 'कर्मचारी सञ्चय कोषबाट ऋण लिएर भए पनि कालोपत्रे गरेका हौँ ।' त्योभन्दा अघि टरिगाउँ विमानस्थल घाँसेमैदान थियो।

करिब रु साढे आठ करोड लागतमा अस्पाल्ट प्रविधिबाट विमानस्थल कालोपत्रे भएको हो । त्यसपछि २०७८ सालतिर ५८ लाख लागतमा टर्मिनल भवन बन्यो। त्यसबाहेक अन्य बजेट आएको छैन । आगामी आव २०८३÷८४ का लागि पनि बजेट वक्तव्यमा समावेश भएकाले यसपटक बजेट बिनियोजन हुने दाङ क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य कमल सुवेदीले बताए । उनले पहिलो चरणमा रु २५ करोडको हाराहारीमा बजेट विनियोजन गरेर बहुवर्षीय बनाउने गरी तयारी गरेको बताए। बहुवर्षीय बनाएमा यो विमानस्थल स्तरवृद्धि हुने उनको विश्वास छ।

खासगरी टरिगाउँ विमानस्थलको धावनमार्ग विस्तारका लागि बजेट आवश्यक हो । हाल ७५० मिटर लम्बाइ भएको धावनमार्गलाई बढाएर १५ सय मिटरसम्म बनाउन सकेमा मात्रै ठूला जहाज बस्न सक्छन् तर हाल १९ सिट क्षमताका टुइनेटर जहाज मात्रै बस्ने र सानो हावा वा हुस्सु लागेपछि बस्न नसक्ने अवस्था रहेको छ । कहिले आउने र कहिले नआउने हुँदा यात्रुहरुको विश्वास समेत जित्न नसक्दा यस क्षेत्रका यात्रुहरु भैरहवा वा नेपालगञ्ज जानुपर्ने बाध्यता छन् । २०११ सालदेखि २०४२ सालसम्म नियमित रूपमा विमान सञ्चालनमा भएको विमानस्थल त्यस बीचमा नियमित हुन सकेको थिएन। तै पनि कहिले आउने र कहिले नआउने गर्दै २०५८ सालसम्म चल्यो।

कालोपत्रे गरेपश्चात् पुनः २०७२ जेठ १४ गते गोमा एयरले उडान भर्न सुरु गरेको थियो तर त्यो एक वर्ष पुग्दानपुग्दै अवरुद्ध बन्न पुग्यो । हाल कहिलेकाहीँ नेपाल एयरलाइन्सले यस विमानस्थलमा उडान भरिरहेको छ । बादल वा हुस्सु लाग्यो वा सानो हावा लाग्यो भने पनि उडान हुँदैन । हाल हप्तामा चार दिन भनिए पनि महिनामा दुई दिनजसो मात्रै उडान हुने गरेको एयरलाइन्सका दाङ शाखा प्रमुख बलबहादुर सुनारले बताए । 'हप्तामा चार दिनको तालिका छ,' उनले भने, 'तर, महिनाको दुई दिन पनि जहाज धौ–धौ आउँछ।'

वैकल्पिक उपायको खोजी

दाङमा वैकल्पिक विमानस्थलको बहस पनि थालियो। त्यसको मारमा पनि टरिगाउँ विमानस्थल परेको छ। आव २०७५÷७६ को बजेटमै जिल्लामा वैकल्पिक विमानस्थलको खोजी गर्ने भनी बजेट आयो । त्यसकै जगमा आव २०७७÷७८ र आव २०७८÷७९ मा नारायणपुरमा अन्तरराष्ट्रियस्तरको विमानस्थल बनाउने भनी बजेट वक्तव्यमा समावेश भयो। केही बजेट पनि आयो तर काम हुन नसकी 'फ्रिज' भयो।

विमानस्थल विस्तारका लागि चार विकल्प दिइएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले विभिन्न चार विकल्प दिएर टरिगाउँ विमानस्थल विस्तार गर्न सकिने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बनाएको छ तर पहिलो विकल्प अनुसार नै काम गर्ने गरी अगाडि बढे पनि त्यो हुन सकेको छैन । पहिलो विकल्प भनेको हाल भइरहेको धावनमार्ग नै विस्तार गरी १२३० मिटर लम्बाई 'रनवे' हुन सक्छ भन्ने रहेको छ । यसका लागि ५७ बिघा जग्गा चाहिन्छ। अहिले विमानस्थलको ३९ विघा जग्गा छ। बाँकी सामुदायिक बनको १२ विघा, अधिग्रहण १.२ विघा र सार्वजनिक जग्गा ४.८ विघा लैजानुपर्ने हुन्छ।

यसरी विमानस्थल बनाउँदा छ अर्ब १५ करोड ९१ लाख ५४ हजार आठ सय रुपैयाँ लागत अनुमान गरिएको छ। यसमा फुटपाथ तथा संरचना निर्माणका लागि दुई अर्ब ७६ करोड ५० लाख ९४ हजार ८ सय ६० रुपैयाँ, भवनलगायतका सामग्रीहरुका लागि तीन अर्ब १३ करोड ४२ लाख ४० हजार रुपैयाँ, विविध कामका लागि १५ करोड ७३ लाख २० हजार रुपैयाँ र जग्गा अधिग्रहण तथा भवन निर्माणका लागि १० करोड २५ लाख रुपैयाँ लागत अनुमान गरिएको छ।

यस विकल्पअनुसार अहिले रहेका घरहरु हटाउनु पर्दैन । मन्दिर क्षेत्रको केही जग्गा प्रयोग हुनेछ। यसरी विमानस्थल बनाउँदा एकातिरबाट मात्रै अवतरण र उडान गर्नुपर्ने हुन्छ । यसमा रातको समयमा र कम 'भिजिविलिटी' हुँदा अवतरण गर्न कठिन हुन्छ । रातको समयमा हवाई अवतरण गर्नका लागि थप ४५० मिटर जमिन चाहिन्छ। यस अनुसार अनुसार काम गरेमा पाँच वर्षमा विमानस्थल बन्नेछ । यसमा आइई र इआइए गर्न दुई वर्ष लाग्नुका साथै जग्गा अधिग्रहण गरेपछि तीन वर्ष लाग्ने बताइएको छ।

इन्धन डिपो पनि मारमा

हाल सोही ठाउँमा नेपाल आयल निगमले इन्धन डिपो स्थापना गरिसकेको छ। त्यो सबै खर्च नेपाल आयल निगमको हो । विमानस्थलको जग्गा मात्रै निगमलाई उपलब्ध गराइएको हो तर महिनामा एक÷दुई पटक मात्रै इन्धन खपत हुने गर्दा त्यसबाट खासै आम्दानी लिन नसकिएको इन्धन डिपो कार्यालय तुलसीपुरका लेखा अधिकृत कैलाश देवकोटाले बताए । 'महिनामा एक–दुई पटक मात्रै इन्धन खपत हुन्छ,'उनले भने, 'त्यसले त हाम्रो लगानी अनुसार घाटा नै हुन्छ ।' उनका अनुसार चालु आर्थिक वर्षको जेठसम्म ४० हजार ८ सय ६५ लिटर मात्रै इन्धन खपत भएको छ।

# लुम्बिनीको बजेटको विशेषता

–भरत केसी/रासस

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेशसभामा सोमबार ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । प्रस्तुत बजेट चालु आवको भन्दा एक अर्ब ५३ करोड रुपैयाँले कमी हो ।

प्रदेश सरकारले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना, उद्यमशीलता प्रवर्द्धन, कृषि आधुनिकीकरण, भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, पर्यटन र सूचना प्रविधिलाई प्राथमिकतामा राखेर बजेट आएको हो । संवैधानिक व्यवस्थाअनुसार यही असार १ गते आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले प्रदेशसभा बैठकमा बजेट प्रस्तुत गरेका हुन् ।

कुल बजेटमध्ये चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपैयाँ अर्थात् २९.७३ प्रतिशत, पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपैयाँ अर्थात् ६०.७७ प्रतिशत र वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ५५ करोड ५२ लाख ५० हजार रुपैयाँ अर्थात् ९.५० प्रतिशत विनियोजन गरिएको छ ।

नेपालमा पछिल्लो समयमा विद्युत् तथा ग्यासमा उल्लेख्य मूल्यवृद्धि भए तापनि कृषि क्षेत्रको न्यून वृद्धि र यातायात तथा भण्डारण, सूचना तथा सञ्चार, खुद्रा व्यापारलगायत क्षेत्रमा भएको सामान्य वृद्धिका कारण आव २०८२÷८३ मा नेपालको आर्थिक वृद्धि ३.८५ प्रतिशत रहने अनुमान रहँदा प्रदेशको आर्थिक वृद्धिदर २.८७ प्रतिशत हुने अनुमान रहेको गरिएको छ । गत आवमा त्यस्तो वृद्धिदर ४.२७ प्रतिशत रहेको थियो ।

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको योगदान क्रमशः ३०.२ प्रतिशत, १४.८ प्रतिशत र ५४.९ प्रतिशत रहने बजेटमा प्रारम्भिक अनुमान छ । यसबाट लुम्बिनी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन चालु आव १२०८ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ ।

प्रदेश सरकारले प्रस्तुत बजेटले उत्पादन वृद्धि, रोजगारी सृजना, सेवा प्रवाह सुधार, पूर्वाधार विकास र सुशासन प्रवर्द्धनमार्फत 'समृद्ध लुम्बिनी, खुसी नागरिक'को लक्ष्य हासिल गर्न महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको छ ।

उद्योग, उद्यमशीलता र रोजगारी

बजेटको प्रमुख प्राथमिकतामा उद्यमशीलता र रोजगारी परेको छ । 'उद्यमशील लुम्बिनी अभियान' सञ्चालनका लागि ५२ करोड विनियोजन गरिएको छ । महिला, दलित तथा स्वदेशमै उद्यम गर्न चाहने युवालाई बीउ पुँजी, कर्जा सुरक्षण र ब्याज सहुलियत उपलब्ध गराइने भएको छ । यस कार्यक्रममार्फत एक हजार जनालाई स्वरोजगारी तथा पाँच हजार जनालाई रोजगारी सृजना गर्ने लक्ष्य राखिएको छ ।

मदिराजन्य र सुर्तीजन्य उद्योगबाहेक सबै प्रकारका उद्योगको दर्ता तथा नवीकरण निःशुल्क गर्ने व्यवस्था गरिएको छ । साथै सीप विकास तथा रोजगारमूलक तालिमका कार्यक्रम सञ्चालन गरिने भएका छन् ।

**कृषि र पशुपालन**

कृषि, भूमि व्यवस्था तथा सहकारी क्षेत्रका लागि एक अर्ब ७८ करोड सात लाख रुपैयाँ विनियोजन गरिएको छ । थप ५५० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार, फलफूलखेती प्रवर्द्धन, माटो परीक्षण, पशु स्वास्थ्य सेवा, खोरेतविरुद्ध खोप अभियान तथा कृषिजन्य उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । हुलाकी सडक आसपासका क्षेत्रमा दुग्ध तथा मासु उत्पादन बढाउन भैँसी प्रवर्द्धन कार्यक्रमका लागि छ करोड ६५ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

पर्यटन, भाषा र संस्कृति

पर्यटन क्षेत्रलाई आर्थिक विकासको आधार बनाउने लक्ष्यसहित सुकौरा पर्यटकीय क्षेत्र, थारू सङ्ग्रहालय, फुटाहा ताल, अर्घा दरबार, सुपादेउराली–स्वर्गद्वारी पर्यटकीय मार्गलगायतका आयोजनाका लागि बजेट व्यवस्था गरिएको छ । पर्यटन पूर्वाधार तथा संस्कृति प्रवर्द्धनका अधुरा योजना सम्पन्न गर्न रु २० करोड विनियोजन गरिएको छ । लुम्बिनीलाई आरोग्य पर्यटन केन्द्रका रूपमा विकास गर्ने कार्यक्रमलाई पनि निरन्तरता दिइएको छ ।

**भौतिक पूर्वाधार र सडक**

भौतिक पूर्वाधार विकास मन्त्रालयका लागि सबैभन्दा बढी १० अर्ब १८ करोड ४५ लाख रुपैयाँ विनियोजन गरिएको छ । प्रदेश गौरवका आयोजना, बहुवर्षीय सडक तथा पुल आयोजना, रणनीतिक सडक सञ्जाल विस्तार तथा सडक सुरक्षाका कार्यक्रमलाई प्राथमिकता दिइएको छ । प्रदेश गौरवको आयोजनाका रूपमा रहेको रामपुर–कपुरकोट सडक आयोजना कार्यान्वयनका लागि २१ करोड रुपैयाँ व्यवस्था गरिएको छ । आगामी वर्ष १८० किलोमिटर सडक कालोपत्र, १२५ किलोमिटर सडक ग्राभेल, ३० वटा सडक पुल तथा १० वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

**खानेपानी, सिँचाइ र ऊर्जा**

'अधुराः गर पूरा' को नीति अवलम्बन गर्दै 'एक घर, एक धारा'को अभियान पूरा गर्न ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएका खानेपानी आयोजनाहरू सम्पन्न गर्न ६६ करोड ६० लाख रुपैयाँ रकम विनियोजन गरिएको छ ।

नागरिकमा गुणस्तरीय खानेपानी सेवाको पहुँच वृद्धि गर्न र परम्परागत पानीका स्रोतहरूको संरक्षण गर्न खानेपानी गुणस्तर सुधार कार्यक्रम र स्रोत संरक्षण तथा दिगो व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि सात करोड ६९ लाख रुपैयाँ विनियोजन गरिएको छ ।

सिँचाइ विस्तारका लागि ८६ करोड ४१ लाख रुपैयाँ तथा नदी नियन्त्रण, तटबन्ध निर्माण र जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि ३५ करोड ४७ लाख रुपैयाँ छुट्याइएको छ । कृषियोग्य भूमिमा दिगो सिँचाइ सुविधा पुर्याई उत्पादन र उत्पादकत्व वृद्धि गर्न सतह, भूमिगत, लिफ्ट सिँचाइ तथा नयाँ प्रविधिको प्रयोगमार्फत सिँचाइ प्रणाली विकास एवं विस्तार गर्ने कार्यलाई निरन्तरता दिन ८६ करोड ४१ लाख रुपैयाँ विनियोजन गरिएको छ । यस कार्यक्रमबाट थप ७८० हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार हुने अनुमान गरिएको छ ।

रुपन्देहीको मर्चवार सिँचाइ प्रणालीको मूल नहरको सुदृढीकरण कार्य यसै आर्थिक वर्षबाट सुरु गर्न, बाणगङ्गा, प्रगन्ना कुलो, मर्चवार लिफ्ट सिँचाइ प्रणालीलगायतका संयुक्त रूपमा व्यवस्थापन तथा सञ्चालनमा रहेका सिँचाइ प्रणालीको सुदृढीकरण एवं दिगो व्यवस्थापन र सञ्चालनका लागि १५ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

**डिजिटल सुशासन र सूचना प्रविधि**

प्रदेश सरकारले 'डिजिटल लुम्बिनी अभियान' सञ्चालन गर्ने भएको छ । कृत्रिम बुद्धिमत्ता, डिजिटल सेवा प्रवाह, एकीकृत डाटा व्यवस्थापन तथा सरकारी कामकारबाहीलाई प्रविधिमैत्री बनाउने कार्यक्रमलाई प्राथमिकता दिइएको छ । प्रदेशका युवालाई सूचना प्रविधि र कृत्रिम बुद्धिमत्तासम्बन्धी तालिम प्रदान गरी कम्तीमा १०० जनालाई स्वरोजगार बनाउने लक्ष्य लिइएको छ ।

**स्थानीय तहका लागि पाँच अर्बभन्दा बढी हस्तान्तरण**

वित्तीय समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदान र राजस्व बाँडफाँटमार्फत गरी आगामी आवमा कुल पाँच अर्ब ५२ लाख ५० हजार रुपैयाँ हस्तान्तरण हुने अनुमान छ ।

यसअन्तर्गत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा स्थानीय तहका लागि वित्तीय समानीकरण अनुदान ९६ करोड रुपैयाँ हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको छ ।

स्थानीय तहसँगको सहलगानीमा आर्थिक, सामाजिक विकासमा टेवा पुर्याउने पूर्वाधार आयोजना कार्यान्वयनका लागि स्थानीय तहलाई समपूरक अनुदानस्वरुप ९८ करोड ४० लाख रुपैयाँ, स्थानीय तहमा लक्षित वर्ग, शिक्षा, स्वास्थ्य, खानेपानीलगायत सामाजिक क्षेत्रका विकास कार्यक्रममा खर्च गर्नेगरी विशेष अनुदानमा २० करोड रुपैयाँ र स्थानीय तहमा जाने सशर्त अनुदानका लागि एक अर्ब ४१ करोड १२ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ । सशर्त, समपूरक र विशेष अनुदानको रकम स्थानीय तहको कार्यसम्पादनका आधारमा हस्तान्तरण गर्ने व्यवस्था रहेको छ ।

प्रदेश सरकारले प्रस्तुत गरेको बजेटमा निजी क्षेत्रको तर्फबाट नेपाल च्याम्बर अफ कमर्स लुम्बिनी प्रदेश अध्यक्ष टङ्कप्रसाद पोखरेलले 'समृद्ध लुम्बिनी, खुसी नागरिक' अभियानलाई निरन्तरता दिनेगरी ल्याइएको बजेटले केही सकारात्मक सङ्केत दिए पनि अपेक्षित नयाँपन र उत्साह जगाउने खालको नदेखिएको बताउनुभएको छ । उनले बजेटले उद्यम विकास कोष, स्टार्टअप कार्यक्रम तथा उद्योगमा दिइने छुटजस्ता व्यवस्था सकारात्मक भए पनि तिनको कार्यान्वयन पक्ष अझै अस्पष्ट रहेको बताए ।

# सडक सुरक्षा सुधारमा सरकार गम्भीर हुनुपर्छः सभापति गजुरेल



**काठमाडौं ।**
संघीय संसद्, प्रतिनिधिसभाअन्तर्गत पूर्वाधार विकास समितिमा सडक सुरक्षा, यातायात व्यवस्थापन, दुर्घटना न्यूनीकरण र पूर्वाधार सुधारका विषयमा केन्द्रित रही छलफल भएको छ ।

बैठकमा सांसद तथा विज्ञले बढ्दो सडक दुर्घटना न्यूनीकरणका लागि प्रभावकारी नीति कार्यान्वयनमा जोड दिए । समिति सभापति आशिष गजुरेलले सुझावलाई कार्यान्वयनमा लैजान समितिले सहजीकरण गर्ने बताए । उनले सडक सुरक्षा अत्यन्त संवेदनशील विषय भएकाले सरकार यसमा गम्भीर हुनुपर्ने धारणा राखे । सडक सुरक्षासम्बन्धी विधेयक बनेको पाँच वर्ष बितिसक्दा पनि संसद्मा पेस हुन नसकेको उल्लेख गर्दै उनले सडक पूर्वाधार समयमै निर्माण नहुँदा समस्या बढिरहेको बताए ।

एकीकृत यातायात नीति रहे तापनि सम्बन्धित मन्त्रालय हटाइएको विषय उठाउँदै उनले भावी पुस्ताको सुरक्षाका लागि पनि सडक सुरक्षामा विशेष ध्यान दिनुपर्ने बताए ।

सभापति गजुरेलले भने, 'अझै पनि व्यवस्थित फुटपाथ र अपाङ्गमैत्री सडक निर्माण हुनसकेको छैन ।' सांसद सुनिल केसीले सडक दुर्घटनाका समस्या समाधान गर्न संसद्ले सहजीकरण गर्नुपर्ने बताए । उनले सडक निर्माणका क्रममा अव्यवस्थित रूपमा बाटो खन्ने, मर्मतमा ढिलाइ हुने तथा सरोकारवाला निकायबीचको समन्वय अभावका कारण दुर्घटनाको जोखिम बढेको जनाउँदै समितिमार्फत सरकारको ध्यानाकर्षण गराए ।

सांसद वासना थापाले कर्णाली क्षेत्रमा सडक सञ्चालन अनुमति (रोड परमिट) प्राप्त गर्नसमेत समस्या रहेको जनाउँदै सडक सुरक्षाको अवस्था सुधार गर्नुपर्नेमा जोड दिए । बैठकमा सांसद भरतकुमार स्वार, पूर्णप्रसाद लिम्बू, धनेन्द्र कार्की र राजु पाण्डेले मुलुकको आर्थिक विकास र समृद्धिका लागि सडक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे ।

यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष सरोज सिटौलाले सार्वजनिक यातायातका लागि बेग्लै सडक लेन, पार्किङ व्यवस्थापन र दक्ष चालकको आवश्यकता औँल्याए । उनले नेपालमा बढ्दो सवारी चापअनुसार पूर्वाधार निर्माण हुन नसकेकोतर्फ सरकारको ध्यानाकर्षण गराए । ढुवानी व्यवसायी महासंघ नेपालका अध्यक्ष अरुणकुमार श्रेष्ठले मालवाहक सवारीसाधनको निगरानी र सुरक्षा प्रणाली सुधार गर्नुपर्ने बताए । समितिले सडक सुरक्षा, यातायात व्यवस्थापन, दुर्घटना न्यूनीकरण र पूर्वाधार विकासका विषयमा विज्ञ तथा सरोकारवालासँग सुझाव लिएको हो । रासस

# चैते धानको न्यूनतम समर्थन मूल्य कार्यान्वयन गर्न मन्त्रालयको आग्रह

**काठमाडौँ ।**
कृषि, वन तथा पर्यावरण मन्त्रालयले चालु आर्थिक वर्षका लागि नेपाल सरकारद्वारा निर्धारित चैते धानको न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकारवाला निकायसँग आग्रह गरेको छ ।




मन्त्रालयको कृषि तथा पशुपन्छी व्यवसाय प्रवद्र्धन महाशाखाले विज्ञप्ति जारी गर्दै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि आधुनिकीकरण कार्यक्रम, नेपाल चामल, तेल, दाल उत्पादन सङ्घ र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतलाई चैते धानको न्यूनतम समर्थन मूल्य प्रभावकारी रूपमा कार्यान्वयन गर्न आग्रह गरेको हो । चालु आर्थिक वर्ष २०८२÷८३ का लागि नेपाल सरकार मन्त्रिपरिषद्को गत चैत २४ गतेको निर्णयबाट १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल दुई हजार ८६६ रुपैयाँ ४१ पैसा निर्धारण गरिएको थियो ।


मन्त्रालयका सहसचिव ई जगन्नाथ तिवारीद्वारा जारी प्रेस विज्ञप्तिमा नेपाली धानले सस्तो भारतीय धानसँग प्रतिस्पर्धा गर्नुपरेको, चिस्यानका कारण भण्डारणमा समस्या भएको र कृषकले उचित मूल्य नपाएको गुनासो विभिन्न माध्यमबाट प्राप्त भएकाले यो कदम चालिएको उल्लेख छ । चैते धान भित्र्याउने समय वर्षात्को सिजन पर्ने भएकाले कृषकले न्यूनतम मापदण्ड कायम गरी भण्डारण गर्न नसक्ने र वर्षे धानखेतीका लागि तत्काल पैसा आवश्यकपर्ने हुँदा उनीहरू कम मूल्यमा सिजनमै धान बिक्री गर्न बाध्य हुने गरेको विज्ञप्तिमा उल्लेख छ ।

मन्त्रालयले मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन चैते धानखेतीको संरक्षण र विस्तार अपरिहार्य रहेको औँल्याउँदै कृषकको लागत र न्यूनतम मुनाफा सुनिश्चित गर्न सरकारी तथा निजी क्षेत्र दुवैको दायित्व भएको स्मरण गराएको छ ।

धान चामल उद्योगीसहित सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी कृषकबाट निर्धारित मूल्यमा धान खरिद गर्ने प्रक्रिया सहज बनाउन मन्त्रालयले विशेष जोड दिएको छ । रासस

# परराष्ट्रमन्त्री खनाल र सिपिपिसिसीका अध्यक्ष वाङबीच भेटवार्ता

**काठमाडौं ।**
चीनको चारदिने औपचारिक भ्रमणमा रहेका परराष्ट्रमन्त्री शिशिर खनाल र चिनियाँ जनराजनीतिक परामर्श सम्मेलन (सिपिपिसिसी)को राष्ट्रिय समितिका अध्यक्ष वाङ हुनिङबीच भेटवार्ता भएको छ । उनीहरूबीच मंगलबार बिहान बेइजिङमा भएको भेटवार्तामा नेपाल–चीन सम्बन्धका विविध आयामहरूमा छलफल भएको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ ।



विशेषतः विकास सहकार्य, व्यापार, लगानी, पर्यटन, राजनीतिक आदानप्रदान तथा जनता–जनताबीचको सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा विचार आदानप्रदान भएको दूतावासको भनाइ छ । नेपाल–चीनबीचको दीर्घकालीन मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ र गतिशील बनाउने सिपिपिसिसी अध्यक्ष वाङको दृढ प्रतिबद्धताको उच्च प्रशंसा गर्दै मन्त्री खनालले दुई देशबीचको परम्परागत मित्रता र पारस्परिक सहयोग आगामी दिनमा अझ सशक्त हुँदै जाने विश्वास व्यक्त गरेका थिए ।

मन्त्री खनाल चीनका विदेश मामिलामन्त्री तथा चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका राजनीतिक ब्यूरो सदस्य वाङ यीको निमन्त्रणामा आइतबार बिहान बेइजिङ पुगेका थिए । उनीहरूबीच सोमबार प्रतिनिधिमण्डलस्तरीय भेटवार्ता भएको थियो । मन्त्री खनाल भ्रमण सम्पन्न गरी मंगलबार स्वदेश फर्किने कार्यक्रम छ । रासस

# रास्वपाको चार प्रदेश र ६४ जिल्लामा अधिवेशन सम्पन्न

**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले हालसम्म चार प्रदेश र ६४ जिल्लाका अधिवेशन सम्पन्न भएको जनाएको छ । पछिल्लो विवरणअनुसार ६०९ पालिका, चार हजार ३६३ वडामा अधिवेशन सम्पन्न भइसकेको छ । कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको अधिवेशन सम्पन्न भइसकेको छ भने मधेस प्रदेशको अधिवेशन स्थगन रहेको छ ।

त्यस्तै कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको अधिवेशन चालु रहेको रास्वपाले जनाएको छ । त्यस्तै हालसम्म कर्णाली प्रदेशका डोल्पा र हुम्ला, लुम्बिनी प्रदेशका रुकुमपूर्व, गण्डकी प्रदेशका मनाङ र मुस्ताङ, मधेस प्रदेशका धनुषा, सप्तरी बारा र सर्लाहीमा अधिवेशन हुन नसकेको महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए ।

यसैगरी सिन्धुपाल्चोक, सिरहा, महोत्तरी, रौतहटमा अधिवेशन प्रक्रिया सुरु भई स्थगन भएको उनले बताए । रास्वपाको प्रथम राष्ट्रिय महाधिवेशन यही असार ७, ८ र ९ चितवनमा आयोजना हुनेगरी तयारी तीव्र भइरहेको सो पार्टीले जनाएको छ । रासस

# चालु आर्थिक वर्षको ११ महिनामा १० खर्ब ७९ अर्ब राजस्व सङ्कलन

**काठमाडौं ।**
सङ्घीय सरकारले चालु आर्थिक वर्षको ११ महिनामा राजस्वतर्फ १० खर्ब ७९ अर्ब ६३ करोड ४७ लाख राजस्व सङ्कलन गरेको छ । सरकारले चालु आर्थिक वर्षभरिमा राजस्व शीर्षकहरुमा १४ खर्ब ८० अर्ब राजस्व सङ्कलन गर्ने लक्ष्य राखेता पनि चालु आवको ११ महिनामा सबै शीर्षकमा सङ्कलन गर्ने लक्ष्यको ७३ दशमलव ०६ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको महालेखा नियन्त्रक कार्यालयको दैनिक बजेटरी विवरणमा उल्लेख छ ।

सङ्घीय सरकारले कर राजस्व शीर्षकमा १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेमा ११ महिनाको अवधिमा भने लक्ष्यको ७४ दशमलव ०३ प्रतिशत अर्थात् रु नौ खर्ब ७९ अर्ब ६८ करोड ७८ लाख राजस्व सङ्कलन भएको छ । सरकारले चालु आवको ११ महिना गैरकर राजस्वतर्फ रु एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखे पनि सो अवधिमा लक्ष्यको ६४ दशमलव ७३ प्रतिशत अर्थात् रु ९९ अर्ब ९४ करोड ६९ लाख राजस्व सङ्कलन गरेको छ । त्यस्तैगरी, चालु आवमा अनुदानतर्फ ५३ अर्ब ४४ करोड ६९ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा सो अवधिमा भने लक्ष्यको ४२ दशमलव ८२ प्रतिशत अर्थात् २२ अर्ब ८८ करोड ५९ लाख मात्रै सङ्कलन भएको छ । रासस

# चिकित्सा शिक्षा आयोगद्वारा छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत



**काठमाडौं ।**
चिकित्सा शिक्षा आयोगले छात्रवृत्ति अनुदानसम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गरी जारी गर्ने निर्णय गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा मंगलबार बसेको आयोगको बैठकले उक्त निर्णय गरेको हो ।

प्रधानमन्त्री शाहको प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालका अनुसार शिक्षा तथा खेलकुद र अर्थ मन्त्रालयबाट सहमतिप्राप्त भएको २४ घण्टा नबित्दै आयोगले कार्यविधि पास गरेर विगतदेखिको कानुनी अस्पष्टता र समस्यालाई दीर्घकालीन रूपमा समाधान गरेको हो । नेपाल राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ मार्फत राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ मा दफा ५४ (ख) थपिएसँगै आयोगलाई आवश्यक निर्देशिका र कार्यविधि बनाउने कानुनी बाटो खुलेको थियो ।

यसअघि विधायन ऐन, २०८१ को दफा ३५ का कारण आयोगका पुराना सबै निर्देशिका र कार्यविधि स्वतः अमान्य (खारेज) हुँदा कानुनी रिक्तता भएको थियो । उक्त समस्या समाधानका लागि असार १ गते अर्थ मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयबाट सकारात्मक रायसहितको सहमति प्राप्त भएको थियो । कार्यविधिले सार्वजनिक शिक्षण संस्थालाई निःशुल्क छात्रवृत्ति, स्नातकोत्तर तह (डिएम, एमसिएचसमेत)मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गराउने बाटो खुलेको छ । यस कार्यविधिले आयोगको तर्फबाट चिकित्साशास्त्र अध्ययन गराउने शिक्षण संस्थालाई सबै तहमा (स्नातकोत्तर तह डिएम, एमसिएचसमेत)मा निःशुल्क छात्रवृत्ति उपलब्ध गराएबापत अनुदान वितरण गर्ने बाटो खुलेको छ । बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको सहअध्यक्षता तथा आयोगका उपाध्यक्ष प्रा.डा श्रीकृष्ण गिरी र अन्य सदस्यहरूको उपस्थिति रहेको थियो । रासस

# प्रतिनिधिसभा बैठकः समसामयिक विषयमा ध्यानाकर्षण

काठमाडौँ ।
प्रतिनिधिसभाको मंगलबारको बैठकको आकस्मिक समयमा सांसदहरूले समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएको छ । सांसद जयपति रोकायाले प्रस्तुत बजेटले हुम्ला र समग्र कर्णालीलाई पछि पारेको बताउँदै कर्णाली क्षेत्रमा पनि पर्यटकीय संरचना निर्माण गर्न माग गरेका छन् । यातायातको सुविधिबाट हुम्लालाई सहज बनाउन सकिए धार्मिक, सांस्कृतिक र आध्यात्मिक पर्यटक उल्लेख्य सङ्ख्यामा भित्र्याउन सकिने उहाँको भनाइ थियो । हुम्लाबाट कैलाश मानसरोबर जाने धार्मिक पर्यटकको सङ्ख्या धेरै हुने गरेकाले उचित वातावरण बनाइनुपर्ने माग पनि सांसद रोकायाको थियो ।

सांसद आशिष गजुरेलले यस वर्षको मनसुन सुरु हुनलागेको अवस्थामा राहत प्रतिकार्यतर्फ सरकारको तयारीका बारेमा जानकारी माग गरे । नेपालको पश्चिम भागमा अबको १० दिन लगातार सुक्खा भई तातो हावा चल्ने पूर्वानुमान सार्वजनिक भएको अवस्थालाई सम्बोधन गर्न चालिएको पूर्वतयारीका बारेमा गृहमन्त्रीको ध्यानाकर्षण गराएका छन । सांसद साजिदा खातुन सिद्धिकीले गृह मन्त्रालयले छ वर्षअघि गरेको सर्वेक्षणअनुसार सात प्रतिशत महिलासहित एक लाख ३० हजार युवाले वार्षिक लागुऔषध प्रयोग गर्ने गरेको तथ्यलाई दृष्टिगत गरी त्यस किसिमको कुलतबाट जोगाउनेतर्फ सरकारको ध्यान जाओस् भनेका छन् ।

सांसद नरेन्द्रकुमार गुप्ताले सुस्ता नेपालको भूमि हो, यसमा दुईमत नरहेको उल्लेख गर्नुहुँदै यो समस्या कूटनीतिक रूपमा समाधान गरिनुपर्ने बताएका छन् । भारतीय 'एसएसबी'ले सुस्ता क्षेत्रमा नेपालीलाई दुःख दिँदै आएको र त्यसको प्रतिवादमा उत्रने नेपाली दाजुभाइ, दिदीबहिनीलाई सम्मान गर्नुपर्ने बताए । उनले अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्दा पनि नेपालमा किन समायोजन नगरिएको भनी प्रश्न गर्दै छिटो समायोजन गर्न माग गरेका छन् ।

सांसद भूमिका लिम्बू सुब्बाले चैत ८ गते जारी सरकारी सूचनाअनुसार निजी सञ्चारमाध्यमलाई सरकारी सूचना नदिने र निजी क्षेत्रबाट सञ्चालित प्रेस तथा आमसञ्चारमाध्यमलाई अप्ठ्यारो पार्ने काम भइरहेको भनी आपत्ति व्यक्त गरेका छन् । सरकारको यस कदमबाट निजी तथा सामुदायिक सञ्चारमाध्यम धरासायी हुन गई कैयौँ व्यक्तिको रोजगारी गुम्नेतर्फ सरकारको ध्यानाकर्षण गराएका छन् ।

सांसद जनकराज गिरीले खप्तड क्षेत्रको बाजुरा खण्डमा चट्याङबाट पशु चौपायासहितको क्षति भएकाले यससम्बन्धी सचेतना कार्यक्रम चलाउन माग गरेका छन् । उनले गत सोमबार सो क्षेत्रमा परेको चट्याङबाट स्थानीय मनबहादुर रावलको १५ भेडा र एउटा भैँसी मरेको र रावल घाइते भएको जानकारी दिँदै पीडित रावललाई क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् ।

सांसद जगदीश खरेल (ललितपुर)ले संविधानको धारा २५ ले सम्पत्तिको हक उपलब्ध गराएको उल्लेख गर्नुहुँदै ग्वार्को लामाटार लाँकुरीभञ्ज्याङ जोड्ने ४५ किमी सडकखण्डमा मानव बस्ती बसेपछि अहिले केन्द्रबिन्दुबाट दायाँबायाँ ३१–३१ गरी ६२ मिटर मापदण्ड कायम गरिनु गलत भएकाले सच्याउन माग गरेका छन् । यही सडकखण्डमा 'लुभु' जस्तो ऐतिहासिक बस्ती रहेको जानकारी दिँदै उहाँले उक्त सडकलाई राष्ट्रिय राजमार्गमा नराखी राजमार्ग छेउछाउका बस्ती जोगाउन अनुरोध गरेका छन् ।

सांसद गणेश कार्कीले मोरङ निर्वाचन क्षेत्र नं ३ मा जग्गा किन्न आउने व्यक्तिले अझै पनि अनाहकमा दुःख झेल्नुपरको बताउँदै त्यस किसिमका आपराधिक गतिविधि अन्त्य गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । सांसद आशिका तामाङले धादिङको धुनीबेँसी नगरपालिका निवासी २१ वर्षीय उज्वल बराल 'म्यानपावर'बाट पीडित भएको उल्लेख गर्दै उनको जीवन रक्षाका लागि सरोकार भएका निकायको ध्यानाकर्षण गराए । त्यस्तै सांसद ऐनबहादुर महरले जापानको रोजगारीमा गएका बझाङको केदारेश्वरका दीपक थानीको निधन भई शव नेपाल ल्याउन नसकिएकाले ल्याउने व्यवस्था गर्न माग गरेका छन् ।

सांसद शाहजान खातुनले रौतहट बैरगनिया सीमामा भारतले अग्लो सीमा बनाएको उल्लेख गर्दै दशगजा क्षेत्रको मापदण्डअनुसार दुवै पक्षको सहमतिमा सीमा निर्माण गरिनुपर्नेमा एकपक्षीय रुपमा संरचना बनाएर नेपाली भूमि डुबानमा पार्न खोजिएको भनी सरकारको ध्यानाकर्षण गराएका छन् । उनले सो विषयमा औपचारिक कूटनीतिक पहल गरेको छ, छैन भनी सरकारसँग जवाफ माग पनि गरेका छन । रासस

# अचार बनाएर उद्यमी बन्ने अभियानमा महिला



**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–३ की पार्वतीदेवी डगौराले घरबारी र बगैँचामा फल्ने आँप, मूला, गाँजर लगायतबाट बनाइने अचारलाई केवल घरायसी परिकारका रूपमा मात्र लिन्थिन् । परिवारका लागि थोरै मात्रामा बनाइने अचार केही दिनमै कुहिने, लेउ जम्ने र स्वाद बिग्रिने समस्या सामान्यजस्तै थियो । सरसफाइ र संरक्षणका विधिबारे जानकारी नहुँदा अचार लामो समय टिकाउन सकिँदैनथ्यो । अहिले अवस्था फेरिएको छ । पार्वतीदेवीमात्रै होइन, उनीजस्तै अन्य महिलाहरू पनि व्यावसायिक रूपमा अचार उत्पादन गर्न सक्षम भएका छन् । तालिममार्फत सिकेको सीप र आधुनिक विधिको प्रयोगले उनीहरू घरको बारीमै उपलब्ध फलफूल तथा तरकारीलाई आम्दानीको स्रोतमा रूपान्तरण गर्ने कार्यमा जुटेका छन् । नगरपालिकाको उद्यम विकास शाखाले आत्मनिर्भर बनाउने उद्देश्यले १० जना स्थानीय महिलालाई व्यावसायिक अचार उत्पादनसम्बन्धी तालिम प्रदान गरेको छ । दक्ष प्रशिक्षकमार्फत सञ्चालन गरिएको तालिमले महिलालाई अचार उत्पादनको परम्परागत शैलीबाट व्यावसायिक उत्पादनतर्फ डो¥याएको छ ।

‘पहिले अचार बनाउँदा सरसफाइलाई त्यति महत्व दिइँदैनथ्यो’, बन्दनाकुमारी बोहराले भनिन्, ‘अहिले हात राम्ररी धुने, पञ्जा लगाउने, मास्क प्रयोग गर्ने र कपाल छोप्नेजस्ता कुरालाई अनिवार्य रूपमा अपनाउँछौँ, यसले अचारको गुणस्तर र टिकाउपन दुवै बढाएको छ ।’ तालिमपछि महिलाहरूले गाँजर, मूला, लसुन, काउली, तितेकरेला, आँप, अमला, बयर, च्याउलगायतका स्थानीय रूपमा उपलब्ध फलफूल तथा तरकारीबाट विभिन्न प्रकारका अचार बनाउन सिकेका छन् । घरमै उत्पादन हुने सामग्री प्रयोग हुने भएकाले उत्पादन लागत कम लाग्ने र स्थानीय कृषिजन्य उत्पादनको उपयोग पनि हुने गरेको छ ।

अचार उत्पादनको प्रक्रिया पनि अब व्यवस्थित र व्यावसायिक बनेको छ । उद्यमतर्फ अग्रसर महिलाका अनुसार अचार बनाउन प्रयोग हुने फलफूल तथा तरकारीलाई पहिले सफा पानीले राम्ररी धोइन्छ । त्यसपछि स्वच्छ भाँडामा काटेर आवश्यकताअनुसार उमालिन्छ । पानी पूर्ण रूपमा सुकाएपछि नुन तथा अन्य आवश्यक मसला तताइएको तेलमा मिसाएर तयारी गरिन्छ ।

अचारलाई सफा प्लास्टिक वा सिसाको बट्टामा प्याकिङ गरिन्छ । उत्पादनको नाम, मिति र आवश्यक विवरणसहितको लेबल टाँसेपछि मात्रै बजारमा पठाउनका लागि तयार हुने स्वस्तिमा चौधरीले बताइन् । ‘तालिमले हामीलाई केवल अचार बनाउन मात्र सिकाएको छैन, गुणस्तरीय उत्पादन कसरी गर्ने भन्ने पनि सिकाएको छ’, समूहमा आबद्ध चौधरीले भनिन्, ‘हामीले १० जनाको समूह बनाएर उत्पादन सुरु गरेका छौँ, अहिले बजार व्यवस्थापनका लागि प्रशिक्षकले सहयोग गर्ने आश्वासन दिनुभएको छ, पछि आफैँ बजार विस्तार गर्ने योजना छ ।’

उनका अनुसार अचार उत्पादनका लागि छुट्टै स्थानको अभाव हुन नदिन वडा कार्यालयले कोठा उपलब्ध गराएको छ । यसले महिलालाई व्यवसाय सञ्चालन गर्न थप सहज बनाएको छ । वडासचिव श्याम डगौराले महिलाको उद्यमशीलतालाई प्रोत्साहन गर्न वडाको खाली रहेका कोठा उपलब्ध गराइएको बताए । ‘व्यवसाय सुरु गर्न चाहने महिलालाई प्रारम्भिक चरणमा स्थानको समस्या नहोस् भनेर कोठा उपलब्ध गराएका हौँ’, उनले भने, ‘व्यवसाय विस्तार हुँदै गएपछि उहाँहरूले आफ्नै व्यवस्थापनमा अन्यत्र कोठा खोजेर सञ्चालन गर्नुहुनेछ ।’

नगरपालिकाको उद्यम विकास शाखाले तालिमसँगै आवश्यक उपकरण पनि अनुदानमा उपलब्ध गराएको छ । अचार उत्पादनका लागि आवश्यक चक्कु, भाँडाकुँडा, मिक्स्चर मेसिनलगायतका सामग्री महिलालाई वितरण गरिएको छ । उद्यम विकास शाखाकी कर्मचारी शान्ता साउदका अनुसार महिलालाई सीपमूलक तालिमसँगै आवश्यक सामग्री उपलब्ध गराएर स्वरोजगारतर्फ अग्रसर गराउने उद्देश्य राखिएको छ । रासस

# फिफा विश्वकप–२०२६ः उरुग्वे र साउदी अरबबीचको खेल बराबरी



**काठमाडौँ ।**
फिफा विश्वकप–२०२६ अन्तर्गत समूह ‘एच’ को उरुग्वे र साउदी अरबबीचको खेल बराबरीमा टुंगिएको छ ।

अमेरिकाको फ्लोरिडास्थित मियामी स्टेडियममा मंगलबार बिहान भएको खेलमा दुवै टोलीले १–१ गोलको बराबरी खेल्दै अंक बाँडेका हुन् । खेलको ४१औँ साउदीले पहिलो अग्रता लिएको थियो । उसका लागि अब्दुल्लाह अलाम्रीले गोल गर्दै साउदीलाई अग्रता दिलाएका हुन् ।

त्यस्तै साउदीको १–० गोलको अग्रता लामो समयसम्म टिक्न सकेन ।

खेलको ८० औं मिनेटमा उरुग्वेका लागि म्याक्सी अराजोले गोल गर्दै खेललाई बराबरीमा ल्याए । त्यसपछि दुवै टोलिले गोल गर्न सकेन्न र अन्तत खेल १–१ गोलको बराबरीमा सकियो । यस खेलसँगै समूह ‘एच’ मा चार वटै टोलीले पहिलो खेलपछि समान एक एक अंक जोडेका छन् । गए राति भएको समूह ‘एच’ कै अर्को खेलमा स्पेन र केपभर्डेले पनि १–१ को बराबरी खेलेका थिए । रासस

# हर्मुज मार्ग पुनः खुल्ने संकेत



**तेहरान ।**
अमेरिका–इरान सम्झौतापछि विश्वको सबैभन्दा महत्त्वपूर्ण तेल ढुवानी मार्ग हर्मुजको जलघाँटी पुनः सञ्चालनतर्फ अघि बढेको संकेत देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबारसम्म उक्त सामरिक जलमार्ग ‘पूर्ण रूपमा खुला’ हुने बताएसँगै यसले मध्यपूर्व युद्ध अन्त्यतर्फको सम्झौतापछि ऊर्जा बजारमा आशा जगाएको छ ।

ट्रम्पका अनुसार जहाजहरू पहिले नै हर्मुज हुँदै आवागमन गर्न थालेका छन् र तेलले भरिएका ट्यांकरहरू सुरक्षित रूपमा क्षेत्र पार गरिरहेका छन् । उनले पछि प्रतिक्रिया दिँदै उक्त मार्ग खुला राख्न ‘ठूलो अतिरिक्त सहयोग आवश्यक नपर्ने’ संकेत गरे । तीन महिनासम्म चलेको द्वन्द्वपछि वासिङ्टन र तेहरानबीच भएको सहमतिलाई विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मोडका रूपमा हेरिएको छ । फेब्रुअरीको अन्त्यमा इरानमा भएको अमेरिका–इजरायली आक्रमणपछि उत्पन्न तनावका कारण विश्व बजार अस्थिर बनेको थियो ।

सम्झौताको खबर सार्वजनिक भएसँगै विश्व बजारमा सकारात्मक प्रतिक्रिया देखिएको छ । वाल स्ट्रिटको डाउ जोन्स सूचकांक ऐतिहासिक उचाइमा पुगेको छ भने कच्चा तेलको मूल्य करिब पाँच प्रतिशतले घटेको छ, जसले ऊर्जा आपूर्ति सहज हुने अपेक्षा बढाएको छ ।

इरानी सञ्चारमाध्यमका अनुसार सोमबार साँझ केही तेल ट्याङ्कर र मालवाहक जहाजहरू विवादित जलमार्ग हुँदै अघि बढेका थिए । युद्ध सुरु भएदेखि इरानले हर्मुज मार्ग अवरुद्ध गरेको आरोप लाग्दै आएको थियो, जसले विश्व तेल बजारमा ठूलो मूल्यवृद्धि र आपूर्ति संकटको डर बढाएको थियो ।

यसैबीच, अमेरिका, इरान र मध्यस्थकर्ता पाकिस्तानले शुक्रबार स्विट्जरल्यान्डमा औपचारिक शान्ति सम्झौतामा हस्ताक्षर गर्ने तयारी गरेको जनाइएको छ । यद्यपि केही अमेरिकी अधिकारीहरूले कागजातमा इलेक्ट्रोनिक हस्ताक्षर भइसकेको बताएका छन् ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले सम्झौतामा कुनै पनि अमेरिकी करदाताको पैसा इरानमा नजाने स्पष्ट पार्दै यसलाई कूटनीतिक समाधानतर्फको कदमका रूपमा व्याख्या गरेका छन् । उनले अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायसँग सहकार्य गरेर इरानको अत्यधिक समृद्ध युरेनियम भण्डार व्यवस्थापन गरिने उल्लेख गरे ।

इरानका अधिकारीहरूले भने सम्झौतालाई युद्धको ‘तत्काल अन्त्य’ का रूपमा प्रस्तुत गरेका छन् । उपविदेशमन्त्री काजेम घारिबाबादीले दुई महिनाभित्र अन्तिम सम्झौताका लागि थप वार्ता हुने बताए । इरानी सेनाले यसलाई ‘विजय’ भन्दै अमेरिकालाई ‘अपमानित’ गरिएको दाबी गरेको छ भने राष्ट्रपति मसुद पेजेस्कियानले यसलाई क्षेत्रीय रूपमा ठूलो उपलब्धि भने । तर इरानी विदेशमन्त्री अब्बास अराघचीले विगतका सम्झौता कार्यान्वयन नभएको अनुभव स्मरण गर्दै सावधानी अपनाउनुपर्ने धारणा राखेका छन् । उनका अनुसार विगतका असफल प्रतिबद्धताले अहिलेको विश्वासमा असर पारेको छ ।

सम्झौताका विस्तृत सर्तहरू अझै अस्पष्ट रहेका छन् । इरानले विदेशमा रोकिएको कोष फिर्ता र युद्धका क्षतिको क्षतिपूर्ति मागेको जनाएको छ भने अमेरिकी पक्षले १२ अर्ब डलर बराबरको जफत सम्पत्ति फुकुवा गर्ने चर्चा गरिएको छ । उपराष्ट्रपति भान्सले कुनै पनि अमेरिकी रकम इरानमा नगएको स्पष्ट गर्दै संवेदनशील विषयमा कडा निगरानी रहने बताउनुभयो । साथै इरानमा अन्तर्राष्ट्रिय निरीक्षकहरूको प्रवेश अनुमति दिने विषयमा पनि छलफल भइरहेको छ । हर्मुज मार्ग पुनः सञ्चालन र सम्भावित शान्ति सम्झौताले विश्व ऊर्जा बजारमा अस्थायी स्थिरता ल्याएको भए पनि राजनीतिक विवाद, क्षेत्रीय सुरक्षा चुनौती र आणविक कार्यक्रमसम्बन्धी असमझदारी अझै कायम रहेको विश्लेषकहरूले बताएका छन् । इरानभित्र पनि सम्झौताप्रति मिश्रित प्रतिक्रिया देखिएको छ । केही नागरिकले जीवन सामान्यतर्फ फर्कने आशा व्यक्त गरे पनि धेरैले दीर्घकालीन स्थायित्वप्रति शंका व्यक्त गरेका छन् । इजरायल, लेबनान र गाजासम्म फैलिएको क्षेत्रीय तनावको सन्दर्भमा पनि यो सम्झौता निर्णायक मोड बन्न सक्ने अनुमान गरिएको छ । यद्यपि इजरायली पक्षले आफ्ना सुरक्षा स्वार्थमा सम्झौता नगर्ने संकेत दिएको छ । अन्तर्राष्ट्रिय समुदायले भने हर्मुज मार्ग पुनः खुल्नु र युद्धविरामको सम्भावनाले विश्व ऊर्जा आपूर्ति र आर्थिक स्थिरतामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरेको छ । रासस

# जलजलाको लुप्राङमा अँगुरखेती

**म्याग्दी ।**
म्याग्दीको सदरमुकाम बेनी बजारसँगै रहेको पर्वतको जलजला गाउँपालिका– ८ लुप्राङमा अङ्गुरखेतीको परीक्षण सफल भएको छ । समुद्री सतहदेखि करिब एक हजार आठ सय मिटर उचाइमा अवस्थित लुप्राङमा रहेको श्रीहरी कृषि तथा पशुपन्छी फार्मका सञ्चालक ताराकुमारी रेग्मीले अङ्गुरखेतीको परीक्षण गरेकी हुन् ।



‘चार वर्षअघि भारतबाट ल्याएर प्लास्टिकको टनेलभित्र रोपेको अङ्गुरका दुई वटा बोटले उत्पादन दिन थालेका छन्’ उनले भने, ‘गत वर्ष प्रतिकिलो चार सय ५० देखि पाँच सयका दरले ३५ हजारको अङ्गुर घरबाटै बेचेको थिए । यसपालि दाना बढी लागेकाले उत्पादन बढ्ने अनुमान छ ।’

अङ्गुरको दाना पाक्ने समयसम्म नझरी बोटमा रह्यो भने कृषि प्राविधिकहरूसँग सल्लाह गरेर अङ्गुरखेती विस्तार गर्ने रेग्मीको योजना छ । दुई छोरा पढाउन पाँच वर्ष बागलुङ बजार बसेकी रेग्मीले घर फर्किएपछि अङ्गुर, गोलभेडा, सुन्तला खेतीका साथै बाख्रापालन सुरु गरेकी थिइन् । ‘कक्षा पाँच सम्म गाउँकै विद्यालयमा पढेका दुई जना छोराहरूलाई स्कुल टाढा भएकाले पाँच वर्ष बागलुङमा डेरा खोजेर १० सम्म पढाए’, टीकाकुमारीले भनिन्, ‘कक्षा १० उत्तीर्ण गरेपछि उच्च शिक्षा हासिल गर्न दुई जना छोराहरू काठमाडौँ गएपछि घर फर्किएर धानखेती हुने खेतमा सुन्तलाका बिरुवा लगाउँदा आफन्त र छिमेकीहरूले असफल हुने काम नगर्न सुझाउनुभएको थियो ।’

स्वदेशमै उद्यमशील बनेर स्वरोजगार, आत्मनिर्भर र आयआर्जनतर्फ अग्रसर हुनुपर्ने धारणाबाट प्रेरित भएकी रेग्मीलाई स्थानीय विद्यालयका शिक्षक रहेका श्रीमानले साँझ, बिहान र बिदाको समयमा बगैँचाको काममा साथ दिएका छन् । उनको बगैँचामा सात सय ५० सुन्तला र कागतीका बोट छन् । गत वर्ष चार लाख ८० हजारको सुन्तला बिक्री भएको रेग्मीले बताइन् । प्लास्टिक टनेलभित्र अङ्गुरका साथै टमाटरखेती पनि गरिएको छ । हुर्किँदै गरेको सुन्तला बगैँचाभित्र सिमीखेती गर्नुभएको छ । अङ्गुर गाउँबाट बिक्री हुन्छ । सुन्तला पोखरा र तरकारी कुश्मामा खपत हुने गरेको छ । कृषि फार्मबाट वार्षिक १० देखि १२ लाख बचत गर्ने रेग्मीको कमाइ देखेर विगतमा सुन्तला रोप्दा गाली गर्नेहरू दङ्ग परेका छन् ।

उनकै सिको गरेर धेरैजसो लुप्राङवासीले धान, मकै, कोदोको विकल्पमा सुन्तलाखेती गरेका छन् । उनलाई राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, जलजला गाउँपालिका र वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवद्र्धन कार्यक्रममार्फत प्रविध, पूर्वाधार निर्माणमा सहयोग, सीपमूलक तालिम, व्यावसायिक योजना तयार पार्न, भ्रमण र प्रदर्शनीको व्यवस्था मिलाएका छन् ।

नाग्लिवाङ हुँदै लुप्राङ जोड्ने सडक स्तरोन्नति नहुँदा कृषिउपज बिक्रीका लागि बजार पठाउन समस्या भएको किसान रेग्मीले गुनासो गरिन् । बाँदरको समस्या पनि मुख्य चुनौती बनेको छ । यसपालि गत जेठ १२ गते परेको असिनाले खाद्यबाली, सुन्तला र तरकारीखेतीमा क्षति पुर्‍याएको किसानहरुले गुनासो गरेका छन् । रासस

# नकल रोक्न भारतद्वारा टेलिग्राम प्रतिबन्ध

**नयाँदिल्ली ।**
परीक्षा नकल र प्रश्नपत्र चुहावटको बढ्दो विवादपछि भारतले राष्ट्रव्यापी मेडिकल प्रवेश परीक्षा (एनइइटी) को पुनःपरीक्षा अघि मेसेजिङ प्लेटफर्म टेलिग्राममा अस्थायी रूपमा पहुँच अवरुद्ध गरेको छ । सरकारले परीक्षा प्रणालीमा हुने सङ्गठित ठगी नियन्त्रण गर्ने उद्देश्यले यो कदम चालेको जनाएको छ । गत महिना प्रश्नपत्र चुहावटसँग सम्बन्धित ठूलो स्क्यान्डल सार्वजनिक भएपछि एनइइटी परीक्षा रद्द गरिएको थियो । यस घटनाले देशभर आक्रोश फैलाएको छ र शिक्षा मन्त्रीको राजिनामा माग गर्दै विद्यार्थीहरूको विरोध प्रदर्शनसमेत चर्किएको छ ।




भारतको इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले मङ्गलबारदेखि जुन २२ सम्म टेलिग्राममा पहुँच रोक्ने आदेश जारी गरेको हो । साथै, पहिले पठाइएका सन्देशहरू परिवर्तन गर्न प्रयोगकर्तालाई अनुमति दिने मेसेज सम्पादन सुविधा जुन ३० सम्मका लागि निलम्बन गरिएको छ । राष्ट्रिय परीक्षण एजेन्सी (एनटीए) ले जारी गरेको विज्ञप्तिमा यी कदमहरू सार्वजनिक व्यवस्थाको हितमा लिइएको र परीक्षा नकल तथा ठगीमा संलग्न ¥याकेटहरू टेलिग्राम प्रयोग गरेर सक्रिय भएको प्रमाणका आधारमा गरिएको उल्लेख छ ।

एनइइटी परीक्षा भारतको सबैभन्दा प्रतिस्पर्धात्मक प्रवेश परीक्षामध्ये एक हो । यो परीक्षामा करिब २० लाखभन्दा बढी विद्यार्थी चिकित्सा अध्ययनका लागि प्रतिस्पर्धा गर्छन् । यस परीक्षाको सफलताले देशका मेडिकल कलेजहरूमा प्रवेश निर्धारण गर्छ । चुहावटको आरोप टेलिग्राम च्यानलमार्फत प्रश्नपत्र पहिले नै फैलिएको भन्दै उठेपछि मे महिनामा परीक्षा रद्द गरिएको थियो । यस घटनाले देशको परीक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ ।

भारतमा परीक्षा तयारी ठूलो उद्योगका रूपमा विकसित भएको छ र लाखौँ विद्यार्थी राम्रो नतिजाका लागि वर्षौंसम्म कोचिङ सेन्टरमा अध्ययन गर्छन् । तीव्र प्रतिस्पर्धा र सीमित अवसरका कारण धेरै विद्यार्थीमाथि ठूलो मानसिक तथा आर्थिक दबाब पर्ने गरेको छ । यसै दबाब र असमान अवसरका कारण परीक्षा प्रणालीसँग सम्बन्धित असन्तोष समय–समयमा देखिँदै आएको छ । केही अवस्थामा परीक्षामा असफलतापछि विद्यार्थीहरूले आत्महत्यासम्म गरेका रिपोर्टहरू पनि सार्वजनिक भएका छन् ।

चुहावट प्रकरणमा भारतको सेन्ट्रल ब्युरो अफ इन्भेस्टिगेसन (सीबीआई) ले अनुसन्धान गर्दै एक रसायनशास्त्र शिक्षकलाई मुख्य योजनाकारका रूपमा पक्राउ गरेको छ । उनीमाथि परीक्षा प्रणालीसँग प्रत्यक्ष संलग्न रहेको आरोप लगाइएको छ ।

सरकारले सोमबार एउटा विशेष अनलाइन पोर्टल पनि सुरु गरेको छ । उक्त पोर्टलर्फत नागरिकले एनइइटीसँग सम्बन्धित शङ्कास्पद गतिविधि, अनधिकृत सामग्री वा ठगीका घटनाहरू रिपोर्ट गर्न सक्नेछन् । परीक्षा प्रणालीमा डिजिटल मार्किङ र अनलाइन मूल्याङ्कनसम्बन्धी अन्य विवादहरू पनि यस घटनासँगै सतहमा आएका छन् । धेरै विद्यार्थीहरूले गलत ग्रेड दिइएको वा नतिजा वितरणमा त्रुटि भएको गुनासो गरेका छन् ।

भारत तीव्र आर्थिक वृद्धिको अवस्थामा रहे पनि लाखौँ युवाहरू स्थिर रोजगारी र उच्च प्रतिस्पर्धात्मक करियर सुरक्षित गर्न सङ्घर्षरत छन् । यसले परीक्षामा सफलता प्राप्त गर्ने दबाब अझ बढाएको छ र परीक्षा केन्द्रित सामाजिक संरचना अझ जटिल बनेको छ । रासस

# सुशासन र कृषि प्राथमिकतामा:
# यस्ता छन् सात प्रदेशका बजेट

रमेश लम्साल/रासस

प्रदेश सरकारहरुले आगामी आर्थिक वर्षका लागि कुल दुई खर्ब ९२ अर्ब रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका छन् । चालु आर्थिक वर्षका लागि दुई खर्ब ७८ अर्ब रुपैयाँ बराबरको बजेट कार्यान्वयनमा छ । आन्तरिक आयमा उल्लेख्य वृद्धि नभएको, राजस्व सङ्कलन तथा पुँजीगत खर्चसमेत अपेक्षित सुधार हुन नसकेको अवस्थामा प्रदेश सरकारहरूको बजेटलाई समयसापेक्ष बनाउने प्रयास गरेका छन् । मधेश प्रदेश सरकारले टुक्रे योजनामा कैँची लगाएको छ । बागमती प्रदेश सरकारले थप नयाँ नारा अगाडि सारेको छ ।

सङ्घीय सरकारले संविधानअनुसार हरेक वर्ष्को जेठ १५ गते बजेट प्रस्तुत गर्ने कार्यसूची रहँदै आएको छ । यस्तै, प्रदेश सरकारहरुले हरेक वर्ष्को असार १ गते बजेट प्रस्तुत गर्दछन् । यस्तै, स्थानीय सरकारले हरेक वर्ष्को असार १० गते बजेट ल्याउँछन् । यही कार्यसूचीअनुसार सात वटा प्रदेश सरकारका तर्फबाट प्रस्तुत गरिएको बजेटमा सुशासन, भ्रष्टाचार नियन्त्रण तथा विकास निर्माणको कामलाई गति दिने गरी विनियोजन गरिएको छ । क्रमागत योजनालाई पूरा गर्ने र प्रदेशका गौरवका आयोजनालाई विशेष प्राथमिकतामा राखिएको बजेटले कृषि क्षेत्रलाई पनि महत्व दिएको छ । पुँजीगत खर्चमा देखिएको कमजोरी तथा विकास निर्माणका काममा भइरहेको ढिलाइ नियन्त्रणमा भने प्रदेश सरकारका बजेटमा स्पष्ट कार्ययोजनाको अभाव देखिन्छ ।

सङ्घीय सरकारले एक खर्ब नौ अर्ब ६५ करोड ३५ लाख रुपैयाँ बराबरको अनुदान, राजस्व बाँडफाँट, आन्तरिक स्रोत तथा चालु आवको बाँकी रहने नगद मौज्दातलाई बजेट निर्माणको प्रमुख आधार बनाएका छन् ।

## बागमतीको बजेट ६६ अर्ब ९३ करोड

बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले कुल ६६ अर्ब ९३ करोड ३३ लाख ३३ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरे । कुल विनियोजनमध्ये चालुतर्फ २२ अर्ब ९६ करोड १९ लाख ३० हजार रुपैयाँ र पुँजीगततर्फ ४३ अर्ब ९७ करोड १४ लाख रुपैयाँ रहेको छ ।

बजेटले घुमौँ बागमती अभियान, रैथानेबालीको संरक्षण एक जिल्ला एक सङ्कलन केन्द्र, शैक्षिक गुणस्तर वृद्धिलाई विशेष प्राथमिकतामा राखिएको छ । यस्तै, भरतपुर, ललितपुर र हेटौँडामा निर्माणाधीन रङ्गशालालाई प्राथमिकतामा राखिएको छ । चालु आर्थिक वर्षको राजस्वलगायत आयमा अनुमानभन्दा कम सङ्कलन भएको र आम्दानीको स्रोतमा वृद्धि नहुने भएपछि बजेटको आकार सामान्य घटाइएको छ ।

आगामी आवको बजेटको खर्च बेहोर्ने स्रोतहरूमा कर राजस्वबाट ३० अर्ब १५ करोड छ लाख ६८ हजार रुपैयाँ, अन्य राजस्वबाट सात अर्ब ९३ करोड ९९ लाख १२ हजार रुपैयाँ, सङ्घीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ३१ करोड ४८ लाख रुपैयाँ र चालु आवको अनुमानित सञ्चित कोष र विविधबाट १२ अर्ब ७६ करोड ७९ लाख ५३ हजार रुपैयाँ र अन्य संस्थाबाट ऋण लगानी फिर्ताबाट ९६ करोड रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । चालु आवमा बागमती प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजार रुपैयाँ बराबरको बजेट कार्यान्वयन गरिरहेको छ ।

समृद्ध बागमतीको अभियानः सुशासन, प्रविधि र उत्पादन, सडक सुरक्षामा जोड कृषि तथा पर्यटनलाई प्राथमिकतामा राखेको बजेटले एक निर्वाचन क्षेत्र एक पर्यटकीय गन्तव्य क्षेत्रको पूर्वाधार निर्माण, बागमती प्रदेश पर्यटकीय सर्किट योजना र बागमती प्रदेश पर्यटन रणनीतिक योजना कार्यान्वयन गर्ने लक्ष्य राखेको छ ।

यस्तै, मेट्रो रेल र सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने कार्यक्रम पनि बजेटमा समावेश छ । काठमाडौँ उपत्यकामा मेट्रो रेल र भीमफेदी कुलेखानी सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने लक्ष्य बजेटको छ ।

## कोशीको बजेट ४० अर्ब ४४ करोड

‘स्वच्छ सुखी र समुन्नत प्रदेश’ को लक्ष्यका साथ कोशी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिंथेपले ४० अर्ब ४४ करोड ९८ लाख रुपैयाँ बराबरको बजेट प्रस्तुत गरे ।

कोशी प्रदेश सरकारले कुल विनियोजनमध्ये चालुतर्फ १३ अर्ब ९७ करोड ६३ लाख रुपैयाँ उपलब्ध गराएको छ । यस्तै, पुँजीगततर्फ २० अर्ब ७५ करोड ९९ लाख रुपैयाँ बराबरको बजेट विनियोजन गरेको छ ।

चालु आवको ३५ अर्ब ८७ करोड ९९ लाख रुपैयाँ रहेकामा सङ्घीय सरकारबाट ससर्त अनुदान १४ करोड १५ लाख रुपैयाँ थप भएपछि खुद बजेट ३६ अर्ब दुई करोड १४ लाख रुपैयाँ कायम भएको थियो । त्यसमध्ये चालुतर्फ १८ अर्ब ७७ करोड ७९ लाख रुपैयाँ, पुँजीगततर्फ १७ अर्ब १४ करोड ३४ लाख रुपैयाँ र वित्तीय व्यवस्थामा १० करोड रुपैयाँ बराबर विनियोजन गरिएको थियो ।

बजेटले सुशासन तथा संस्थागत विकास, आर्थिक विकास, भौतिक पूर्वाधार विकास, सामाजिक विकास, वातावरण तथा विपद् व्यवस्थापन र सार्वजनिक वित्त व्यवस्थापनलाई प्राथमिकतामा राखेको छ ।

प्रादेशिक सडक सञ्जाल गुरुयोजनालाई कार्यान्वयन गर्ने, कोशी जनता आवास कार्यक्रम, सामुदायिक विद्यालय, रूफटफ सोलार कार्यक्रम, चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई , कोशी प्रदेश एकीकृत पर्यटन विकास गुरुयोजना, नेपाली मन आत्मीयपन, कोशी प्रदेश भ्रमण वर्ष्, पढ्दै कमाउँदै कार्यक्रम, सक्षम छोरी कार्यक्रम, मेरो स्वास्थ्य मेरो जिम्मेवारी जस्ता कार्यक्रम बजेटमा समावेश छन् ।

बजेट कार्यान्वयनका लागि आन्तरिक राजस्वबाट पाँच अर्ब ५० करोड रुपैयाँ, राजस्व बाँडफाँटबाट १२ अर्ब ८७ करोड रुपैयाँ सङ्घबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान नौ अर्ब १२ करोड रुपैयाँ, ससर्त अनुदानबाट पाँच अर्ब ९५ करोड रुपैयाँ, समपूरक अनुदानबाट ८४ करोड रुपैयाँ, विशेष अनुदानबाट ५५ करोड रुपैयाँ, रोयल्टीबाट ४१ करोड रुपैयाँ उपलब्ध हुनेछ ।



## मधेश प्रदेशको बजेट ४१ अर्ब १३ करोड

मधेश प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री युवराज भट्टराईले प्रस्तुत गरेको आगामी आवको बजेटमा ‘मेड इन मधेश, समृद्ध प्रदेश’ को नारा अगाडि सारिएको छ ।

प्रदेश उद्यशीलता, रोजगारीका अवसर, उर्वर कृषि भूमिको उच्चतम उपयोगलाई बजेटले प्राथमिकतामा राखेको छ ।

आगामी आवका लागि कुल ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँ बराबरको बजेटको उद्देश्यमा उत्पादन रोजगारी वृद्धि, मानव विकास र सामाजिक न्याय, दिगो पूर्वाधार र वातावरणीय सन्तुलन, सुशासन र पारदर्शी सेवा प्रवाहलाई ध्यान दिइएको छ । चालु आवमा ४६ अर्ब ९८ करोड ३३ लाख रुपैयाँ बराबरको बजेट कार्यान्वयनमा छ ।

यस्तै, कृषि क्षेत्रको रूपान्तरण, नवप्रवर्तन र उद्यमशीलता, गुणस्तरीय शिक्षा र प्राविधिक सीप, सर्वसुलभ र विशिष्टीकृत स्वास्थ्य सेवा, रणनीतिक र अधुरा पूर्वाधार आयोजना प्राथमिकतामा छन् ।

‘डिजिटल’ किसान परिचयपत्र, उत्पादनशील मधेश, आत्मनिर्भर देश, कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार, ‘किसानको शान, मधेशको मखान’, उखु खेती सुधार परियोजना, सौर्य ऊर्जामा आधारित भूमिगत सिँचाइ सार्वजनिक पोखरी संरक्षण अभियान, मधेश ‘स्टार्ट अप फन्ड’, आफ्नै प्रदेश आफ्नै रोजगारीजस्ता कार्यक्रम बजेटमा समेटिएको छ ।

एक जिल्ला एक प्राविधिक शिक्षालय, मेरो स्वास्थ्य मेरो जिम्मेवारी, शिक्षित छोरी सुरक्षित मधेश, उद्यमशील नारीः समृद्ध प्रदेश, मधेश कृषि करिडोर, एक गाँउ एक ‘डिप बोरिङ’ र स्वच्छ खानेपानी अभियान, एक रूख विनाश, दश रूख विकास, प्लास्टिक मुक्त प्रदेश बजेटमा उल्लेख छ । कुल विनियोजनतर्फ १४ अर्ब ६६ करोड ३२ लाख २९ हजार रुपैयाँ चालुतर्फ र २६ अर्ब ४७ करोड ५३ लाख रुपैयाँ पुँजीगततर्फ विनियोजन गरिएको छ ।

बजेट कार्यान्वयनका लागि आन्तरिक राजस्व तथा विविध प्राप्तिबाट ११ अर्ब २२ करोड ७५ लाख रुपैयाँ, सङ्घीय राजस्वबाट १२ अर्ब ८३ करोड रुपैयाँ, वित्तीय अनुदान नौ अर्ब ४९ करोड ५९ लाख रुपैयाँ, बाँकी नगद मौज्दात ६ अर्ब आठ करोड ५२ लाख रुपैयाँ र न्यून हुने एक अर्ब ५० करोड रुपैयाँ रकम आन्तरिक ऋणबाट पूर्ति गरिने उल्लेख छ ।

## सुदूरपश्चिम प्रदेशको बजेट ३७ अर्ब ७० करोड

‘पोखौँ पसिना, देशमै हाँसेर भन्ने नारा’ का साथ सुदूरपश्चिम प्रदेशका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले ३७ अर्ब ७० करोड रुपैयाँ बराबरको बजेट प्रस्तुत गरे ।

सुदूरपश्चिमको बजेट कार्यान्वयनका लागि आन्तरिक राजस्वबाट एक अर्ब ७२ करोड रुपैयाँ सङ्कलन हुने अनुमान गरिएको छ भने सङ्घीय सरकारबाट राजस्व बाँडफाँट भई १० अर्ब २४ करोड ९२ लाख ६६ हजार रुपैयाँ प्राप्त हुने उल्लेख छ । सङ्घीय रोयल्टी बाँडफाँटबाट सात करोड रुपैयाँ, वित्तीय समानीकरण अनुदानबाट नौ अर्ब ६ करोड ३३ लाख रुपैयाँ, ससर्त अनुदान ६ अर्ब तीन करोड ५८ लाख रुपैयाँ, समपूरक अनुदान ३८ करोड ८० लाख रुपैयाँ र विशेष अनुदानबाट ५२ करोड ७६ लाख रुपैयाँ प्राप्त हुने अनुमान छ । यस्तै, चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने नौ अर्ब ६५ करोड रुपैयाँ पनि बजेटको आधार रहेको उल्लेख छ ।

आर्थिक विकास, पूर्वाधार निर्माण, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा रोजगारी सिर्जनालाई प्राथमिकतामा राखिएको बजेटमा युवा पलायन रोक्न स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्य राखिएको छ । कृषि अध्ययन गरेका, वैदेशिक रोजगारीबाट फर्किएका र नवयुवाको कृषि उद्यमशीलतामा विकास गर्ने, दिगो र व्यवसायमुखी कृषि प्रणालीको प्रवद्र्धन गर्ने गरी बजेटले दिशानिर्देश गरेको छ ।

## कर्णाली प्रदेशको बजेट ३५ अर्ब ३९ करोड

कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरे । चालुतर्फ आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार रुपैयाँ, पुँजीगततर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

यस्तै, बजेट कार्यान्वयनका लागि आन्तरिक आय ८५ करोड पाँच लाख ९० हजार रुपैयाँ, चालु आवको बचत छ अर्ब ४१ करोड ५१ लाख रुपैयाँ, सङ्घीय सरकारको राजश्व बाँडफाँट १० अर्ब ६६ करोड ५० लाख रुपैयाँ, वित्तीय समानीकरण अनुदान १० अर्ब ६३ करोड २३ लाख रुपैयाँ र सशर्त अनुदान पाँच अर्ब ६७ करोड २५ लाख रुपैयाँ प्राप्त हुने उल्लेख छ ।

यस्तै, समपूरक अनुदान ६६ करोड ७८ लाख रुपैयाँ, विशेष अनुदान ४८ करोड ५६ लाख रुपैयाँ प्राप्त हुनेछ । प्रदेश सरकारले युवा उद्यमशीलता विकास, उत्पादन वृद्धि र रोजगारी सिर्जनालाई प्राथमिकता दिएको छ । आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न दिगो पूर्वाधार, उत्पादनशील मानव पुँजी र जनसांख्यिक लाभको उपयोग गर्ने रणनीति बजेटको छ ।

## लुम्बिनीको बजेट ३७ अर्ब ३८ करोड

‘समृद्ध लुम्बिनीः खुसी नागरिक’ भन्ने नाराका साथ लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले दुगर्ममा विशेषज्ञ सेवा, मोबाइल मेडिकल भ्यानबाट स्वास्थ्यमा टेवा दिने र ‘अधूरा गर पूरा एक घर एक धारा अभियान’ सञ्चालन गर्ने कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिएको छ ।

लुम्बिनी प्रदेशले आगामी आवका लागि ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँ विनियोजन गरेको छ । कुल विनियोजनमध्ये चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपैयाँ, पूँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपैयाँ रहेको छ ।

वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ५५ करोड ५२ लाख रुपैयाँ, आन्तरिक राजस्व ६ अर्ब ६१ करोड ८५ लाख रुपैयाँ, सङ्घीय सरकारबाट राजस्व बाँडफाँटबाट १२ अर्ब ३१ करोड ८४ लाख रुपैयाँ र रोयल्टीबाट ३० करोड रुपैयाँ प्राप्त हुनेछ ।

यस्तै, वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब ५६ करोड २६ लाख रुपैयाँ, सशर्त अनुदानबाट चार अर्ब ४५ करोड ६६ लाख रुपैयाँ, समपूरक अनुदानबाट ७६ करोड ५० लाख रुपैयाँ, विशेष अनुदानबाट ६३ करोड ३४ लाख रुपैयाँ र चालु आवको नगद मौज्दातबाट तीन अर्ब ७३ करोड रुपैयाँ परिचालन हुने अनुमान गरिएको छ ।

## गण्डकीको बजेट ३२ अर्ब ९९ करोड

गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले आगामी आर्थिक वर्षका लागि ३२ अर्ब ९९ करोड ९९ लाख रुपैयाँको बजेट प्रस्तुत गरे । बजेटमा चालुतर्फ १२ अर्ब ७२ करोड ३७ लाख ७८ हजार रुपैयाँ र पुँजीगततर्फ २० अर्ब दुई करोड ६१ लाख २२ हजार रुपैयाँ बराबर रहेको छ ।

बजेट वक्तव्यमा आगामी आवका लागि खर्च व्यहोर्ने स्रोतमध्ये सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरणबाट सात अर्ब ८४ करोड ८२ लाख रुपैयाँ, राजस्व बाँडफाँटबाट १० अर्ब १६ करोड ४७ लाख ४८ हजार रुपैयाँ, रोयल्टी बाँडफाँटबाट ५१ करोड ४८ लाख रुपैयाँ, ससर्त अनुदानतर्फ तीन अर्ब ९३ करोड तीन लाख रुपैयाँ, समपूरक अनुदानतर्फ ५५ करोड ४६ लाख रुपैयाँ र विशेष अनुदानतर्फ ३९ करोड ५४ लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । यस्तै, आन्तरिक राजस्व परिचालनबाट पाँच अर्ब ८४ करोड १८ लाख ५२ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ । चालु आवको वार्षिक कार्यक्रम कार्यान्वयनपश्चात् दुई अर्ब रुपैयाँ नगद मौज्दात रहने अनुमान छ । यसरी न्यून हुने रकम एक अर्ब ७५ करोड आन्तरिक ऋण परिचालनबाट पूर्ति गरिने छ ।

गण्डकी सरकारले घरेलु मदिरा उत्पादनलाई ब्रान्डिङ तथा नियमन गर्ने कार्यक्रम बजेटमा समावेश गरेको छ । त्यस्तै, औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन गर्दै अनुसन्धान, उत्पादन र मूल्य शृंखला विकासमा आधारित प्रणाली निर्माण गर्ने कार्यक्रम समावेश गरेको छ ।

रुग्ण गोरखाली रबर उद्योग र भृकुटी कागज कारखाना पुनः सञ्चालनका लागि संघ सरकारसँग समन्वय गर्ने, धौवादी फलामखानी उत्खनन तथा खानी अन्वेषणका कार्यक्रम पनि समावेश गरिएको छ ।

# प्रदेशभरिका बिरामीको भरोसा बन्दै रत्ननगर अस्पताल

**रमेश गिरी/रासस**

बागमती प्रदेशअन्तर्गत चितवनको रत्ननगर नगरपालिका–२ स्थित टाँडी बजारको उत्तरतर्फ अवस्थित बकुलहर रत्ननगर अस्पताल यतिखेर स्थानीयवासीका लागि मात्रै नभई मध्यम र निम्न वर्गका माझी समुदायदेखि राउटे बस्तीका बिरामीसमेतका लागि स्वास्थ्य उपचारमा बरदान बनेको छ । पूर्वपश्चिम राजमार्गबाट करिब ५० मिटरको दूरीमा पूर्वी चितवनको टाँडी बजारमा स्थानीयको मन र विश्वास जित्दै अगाडि बढिरहेको अस्पताल हो बकुलहर रत्ननगर अस्पताल । भरतपुरबाट ११ किमी दूरीमा रहेको यस अस्पताल पूर्वी चितवनको एकमात्र प्रदेशअन्तर्गतको जिल्ला अस्पताल हो । विसं २०२४ मा बकुलहर स्वास्थ्यचौकीको नाममा स्थापना गरिएको स्वास्थ्यचौकीलाई नेपाल सरकारले २०६५ सालमा सेवा विस्तार गरी १५ शय्याको जिल्ला अस्पतालका रूपमा सञ्चालनमा ल्याएको थियो ।

देशमा सङ्घीयता कार्यान्वयनसँगै २०७७ मङ्सिर १८ को नेपाल सरकारको निर्णयअनुसार यस अस्पताललाई बागमती प्रदेशअन्तर्गत राखेपछि प्रदेश सरकारको मातहतमा अस्पताल सञ्चालन हुँदै आएको छ । प्रदेश सरकारको २०७७ फागुन १३ को निर्णयअनुसार यस अस्पताललाई १५ शय्या बढाएर ५० शय्यामा स्तरवृद्धि गरेसँगै अस्पतालले सेवा पनि विस्तार गर्दै गयो । विसं २०८० मा प्रदेश सरकारले अस्पतालको पुनः स्तरवृद्धि गर्दै सय शय्या पुर्याएपछि सेवा विस्तार गरी गुणस्तरीय सेवा प्रवाहमा अब्बल बन्दै माडीको मात्रै नभई पूर्वी चितवनवासीको विश्वास जित्दै आएको छ ।

छाला रोगको नेपालकै उत्कष्ट प्रविधिबाट उपचार गर्ने भएपछि यहाँ भरतपुरदेखि काठमाडौँसम्मका बिरामीहरू छालाकै उपचारका लागि आउने गरेका छन् । मध्यम वर्ग र न्यून वर्गका व्यक्तिहरूको निःशुल्क उपचार हुँदै आएको छ । बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगरले रत्ननगरको बकुलहर अस्पताललाई गुणस्तरीय सेवा विस्तारसँगै नमूनाको अस्पतालका रूपमा विकास गर्ने लक्ष्यअनुसार अगाडि बढेको बताउँछन् । दैनिक बिरामीको चाप बढ्दै गएको यस अस्पतालमा उपचारका लागि आउने बिरामीले गुणस्तरीय स्वास्थ्य सेवाको अनुभूति र विश्वास जितेर जान सक्नेगरी विकास गर्दै २०० शय्यामा विस्तार गर्नेगरी सरकार निरन्तर लागिरहेको उन बताउँछन् ।

मन्त्री थापामगरले भने, ‘अस्पतालमा बिरामीको चाप निकै बढ्दै गएको छ, अस्पतालको भौतिक संरचना, जनशक्ति व्यवस्थापनदेखि उपकरणयुक्त एवं प्रविधिमैत्री बनाउन प्रदेश स्वास्थ्य मन्त्रालय लागिरहेको छ ।

अस्पतालले नर्सिङ कलेज सञ्चालनका लागि तयारी गरेकाले स्वीकृतिको तयारीमा छौँ । यहाँ आउने कोही पनि बिरामी पैसा नभएकै कारण ज्यान गमाउनुपर्ने अवस्थाको अन्त्य गर्नेगरी सेवाप्रवाह भइरहेको छ ।’

अस्पतालमा मात्रै नभई बिरामीको सेवा गर्न दुर्गम गाउँमा उपकरणसमेत लिएर गई स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य परीक्षणदेखि निःशुल्क उपचारसम्मको व्यवस्था गरेको उनी बताउँछन् । उनले प्रदेशबाट सञ्चालित सबै अस्पताल, आयुर्वेद अस्पतालहरूलाई प्रविधिमैत्री बनाउँदै औषधि उत्पादनसमेत सुरु गरेको बताए ।

वागमती प्रदेश स्वास्थ्य मन्त्रालयकी सचिव डा. सुमित्रा गौतम बागमती प्रदेशको १३ वटै जिल्ला अस्पतालको स्तरोन्नति, विशेषज्ञ सेवाहरू विस्तार, प्रविधिमैत्री, उपकरणमैत्री बनाउनेदेखि शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नेगरी व्यवस्थापनको तयारी गरेको बताउँछन् । प्रदेश सरकारले औषधि उत्पादनलाई समेत विस्तार गर्दै लागेको बताउँदै सबै अस्पतालमा डायलायसिस मेसिन सञ्चालन गर्ने, मेमोग्राम मेसिन सञ्चालन गर्ने, मुटु सेवाको उपचार विस्तार गर्ने, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवाको पहुँच पुर्याउनेगरी मन्त्रालयले सेवा विस्तार गरिरहेको उनले बताए ।

बकुलहर रत्ननगर अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अङ्कुर पौडेलले २०२४ मा स्वास्थ्यचौकीको रूपमा स्थापना भई २०६५ सालमा नेपाल सरकारबाट जिल्ला अस्पतालको मान्यता प्राप्त गरी १५ शय्यामा विस्तार भएको बताउँछन् । विसं २०७७ मा प्रदेश सरकारले ५० शय्याको प्रादेशिक अस्पतालको रुपमा विस्तार गरेसँगै सेवा विस्तार गर्दै लगेको बताउदै उनले २०८० सालमा १०० शय्याको सेकेन्डरी बी लेबलको अस्पतालको रूपमा स्तरोन्नति गरी निरन्तर सेवा प्रवाह गरिरहेको उल्लेख गरे ।

मेसु डा. पौडेल भन्छन्, ‘अस्पतालले ओपिडीतर्फ १० वटा विशेषज्ञ सेवाहरू सञ्चालन गरिरहको छ, १० शय्याको हेमो–डायलायसिस सेवा तीन सिफ्टमा दैनिक ७५ जनासम्म बिरामीलाई सेवा दिइरहेका छौँ, छ शय्या थप गर्ने तयारी भइरहेको छ । पाँच शय्याको आइसीयू सेवालगायत २४ घण्टा आकस्मिक सेवा, अर्थोपेडिक सर्जरी, नेपालका ठूला अस्पतालका भन्दा राम्रा र अत्याधुनिक ल्याब यहाँ रहेको छ ।’

प्रत्येक ओपिडीमा टोकन र बिलिङको व्यवस्था रहेको बताउँदै उनले अस्पतालमा दैनिक आउने १५ सयसम्म बिरामीहरू र तीमध्ये जनरल फिजिसियनमा आउने ५० प्रतिशत बिरामीलाई हेर्न भौतिक संरचना र दरबन्दी अपुग रहेको बताए । हाल अस्पतालको ‘ब्लक ए’ र ‘सी’बाट सेवा सञ्चालन भइरहेको र ब्लक ‘बी’ निर्माणको अन्तिम चरणमा पुगेको उनले बताए । अस्पतालले सस्तो, सुलभ र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता रहेको भन्दै उनले सिटीस्क्यान, मुटुको बिरामीलाई क्याथल्याबको आवश्यकता पर्दामात्रै बिरामीलाई बाहिर पठाउने गरेको र त्यसबाहेक सबै विशेषज्ञ सेवाहरू प्रवाह गर्दै आएको छ ।

रोग निको पार्नेमात्र नभई कसरी बिरामीको मन जित्न सकिन्छ भनेर लागिरहेको अस्पतालले सबै डिजिटलाइज गर्नेगरी अगाडि बढाएको छ । अस्पतालले छुट्टै ओपिडी सेवा सञ्चालन गरेको छ भने अटोमेटिक ल्याब मेसिन सञ्चालनमा ल्याएको जनाएको छ ।

अस्पतालले अति विशेष सेवा थप गर्दै जाने क्रममा स्वस्थ्य सेवामात्रै नभई शैक्षिक केन्द्रको रूपमा समेत विकास गर्ने लक्ष्य लिएको र नर्सिङ कलेज सञ्चालनको तयारी गरेको जनाएको छ । अस्पतालमा दुईवटा ओटी विस्तार गर्ने, २४ सै घण्टा युरोलोजीदेखि आँखाको सर्जरी सेवा विस्तारको तयारी गरेको उन बताउँछन् ।

अस्पताल सञ्चालन तथा व्यस्थापन समितिका अध्यक्ष गोपालराज कर्माचार्य अस्पताल स्थापना अगाडिको अवस्था सम्झँदै स्वास्थ्यचौकीमा सिटामल लिनमात्रै बिरामी आउने गरेको सम्झन्छन् । स्वास्थ्यचौकीमा सेवा लिन चितवन नै पुग्नुपर्ने बाध्यतालाई अन्त्य गर्न ‘हामीले नगरे कसले गर्ने’ भन्ने नाराका साथ अस्पताल निर्माणमा जुटेको उनी स्मरण गर्छन् ।

उनले भने, ‘उद्योग वाणिज्य सङ्घको अध्यक्ष हुँदा सङ्घ र रत्ननगर अस्पतालको साझेदारीमा स्वास्थ्यचौकीलाई अस्पताल बनाउने अभियान सुरु गरेका हौँ, त्यसपछि भने धान्याञ्चल महायज्ञ लगाएर रु एक करोड ६८ लाख रकम सङ्कलनबाट नयाँ भवन निर्माण गरी अस्पतालमा सेवा विस्तार गर्यौँ ।

अस्पताललाई आजको अवस्थासम्म पुर्याउन स्वीजरल्याण्डको दातृ निकाय शान्ति मेड नेपालको योगदानलाई बिर्सन सकिँदैन ।’ सो संस्थो नयाँ भवन निर्माण, सम्पूर्ण फर्निचर, प्रविधि र आधुनिक उपकरणका व्यवस्था गरी देशकै उत्कृष्ट छाला रोगको उपचार सुरु गरेपछि धादिङ र गोरखादेखि बिरामी आउने गरेको उन बताउँछन् ।

# मधेशको बजेट महत्वाकांक्षी, कार्यान्वयनमा चुनौती देखिएको प्रतिपक्षको टिप्पणी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४का लागि प्रस्तुत गरेको बजेट महत्वाकांक्षी भएकाले यसको कार्यान्वयनमा चुनौती देखिने प्रतिपक्षी दलहरूले प्रतिक्रिया दिएका छन् ।
प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले सोमबार प्रदेशसभामा ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट प्रस्तुत गरे । यो रकम चालु आर्थिक वर्षको ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँको बजेटभन्दा करिब ५ अर्ब ४४ करोड ४७ लाख ५१ हजार रुपैयाँले कम हो ।
बजेटमाथि प्रतिक्रिया दिँदै प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपाल (जसपा) का सांसद तथा पूर्वअर्थमन्त्री सञ्जय यादवले बजेट पूर्ण रूपमा महत्वाकांक्षी रहेको र यसको कार्यान्वयनमा समस्या आउने दाबी गरे ।
उनले बजेटमा सरकारको स्पष्ट प्राथमिकता नदेखिएको टिप्पणी गर्दै गौरवका आयोजनाहरू समेटिन नसकेको बताए । अधिकांश बजेट मन्त्रीहरूले आफ्ना जिल्लामुखी योजनामा केन्द्रित गरेको बुझिएको उनको आरोप छ ।
यादवले बजेटको कुल रकम प्रस्तुत गर्ने क्रममा ससर्त अनुदान समावेश नगरिएको विषय पनि उठाए । उनका अनुसार संघीय सरकारबाट प्राप्त ससर्त अनुदान जोड्दा बजेटको आकार करिब ४९ अर्ब २४ करोड रुपैयाँ पुग्नेछ । मन्त्रालयगत विवरणमा ससर्त अनुदान समावेश गरिएको भए पनि बजेटको कुल आकारमा नजोडिनुले अन्योल सिर्जना गरेको उनको भनाइ छ ।
उनले बजेट पारित भए पनि ससर्त अनुदानसम्बन्धी रकमको कार्यान्वयनमा समस्या आउन सक्ने उल्लेख गर्दै यसले अर्थमन्त्रीको अपरिपक्वता देखाएको टिप्पणी गरे ।
त्यस्तै, जनमत पार्टीका सांसद तथा पूर्वअर्थमन्त्री महेश यादवले पनि बजेट रकममा देखिएको फरकपनाले अर्थमन्त्रीको कार्यक्षमतामाथि प्रश्न उठाएको बताए । उनका अनुसार बजेट आवश्यकता र प्राथमिकताभन्दा बढी महत्त्वाकांक्षी भएकाले कार्यान्वयनमा चुनौती देखिन्छ ।
यद्यपि, प्रदेश प्रहरी भर्नाका लागि बजेट विनियोजन गरिएको पक्षलाई उनले साकारात्मक रूपमा लिएका छन् । उक्त बजेट कार्यान्वयनमा आए लामो समयदेखि रोकिएको प्रदेश प्रहरी ऐन कार्यान्वयनको बाटो खुल्ने र संघीयता कार्यान्वयनको महत्वपूर्ण चरण अघि बढ्ने उनको विश्वास छ ।
बजेटमाथि उठेका प्रश्नबारे प्रतिक्रिया दिँदै अर्थमन्त्री युवराज भट्टराईले संघीय सरकारले ससर्त अनुदानको रकम पहिले नै स्वीकृत गरिसकेको अवस्थामा त्यसलाई पुनः प्रदेश सभाबाट बजेटको कुल आकारमा समावेश गर्नु आवश्यक नरहेको बताए ।
उनले ससर्त अनुदान शीर्षकको रकम संसदबाट पारित नहुने अवस्था नरहेकाले बजेटको मूल आकारमा नजोडिएको स्पष्ट पारे ।
यस विषयमा अर्थविद् तथा मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष भोगेन्द्र झाले ससर्त अनुदान जोड्दा बजेटको वास्तविक आकार करिब ४९ अर्ब १३ करोड रुपैयाँ पुग्ने बताए ।
उनले सैद्धान्तिक रूपमा ससर्त अनुदानलाई अलग राख्न सकिने भए पनि व्यावहारिक तथा संसदीय परम्पराअनुसार बजेटको कुल आकारमा समावेश गरेर प्रस्तुत गर्नु उपयुक्त हुने टिप्पणी गरे । उनका अनुसार यस विषयमा प्रशासनिक तहबाट अनावश्यक चलाखी गरिएको देखिन्छ ।
बजेट भाषणका क्रममा अर्थमन्त्री भट्टराईले संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानअन्तर्गत सञ्चालन हुने कार्यक्रमबाहेक ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट विनियोजन गरिएको बताएका थिए । तर बजेट पुस्तिकाको मन्त्रालयगत व्यय अनुमानसम्बन्धी तालिकामा कुल बजेट ४९ अर्ब २४ करोड १४ लाख रुपैयाँ देखाइएको छ ।
मन्त्रालयगत बजेट विवरणमा समेत अर्थमन्त्रीले वाचन गरेको रकम र वास्तविक विनियोजनबीच फरक देखिएको छ । खेलकुद तथा समाजकल्याण मन्त्रालयका लागि १ अर्ब ४० करोड रुपैयाँ विनियोजन गरिएको भनिए पनि विवरणमा १ अर्ब ४३ करोड ३७ लाख २६ हजार रुपैयाँ उल्लेख छ ।
त्यस्तै, गृह, सञ्चार तथा कानुन मन्त्रालयका लागि ६८ करोड ३४ लाख रुपैयाँ विनियोजन गरिएको भनिएकोमा मन्त्रालयगत विवरणमा ६८ करोड ३४ लाख ३७ हजार रुपैयाँ उल्लेख गरिएको छ ।
वन तथा वातावरण मन्त्रालयको बजेट भाषणमा १ अर्ब ३३ करोड रुपैयाँ उल्लेख गरिए पनि विवरणमा १ अर्ब ७४ करोड ६२ लाख ८ हजार रुपैयाँ राखिएको छ ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकालागि बजेट भाषणमा ५ अर्ब ९५ करोड रुपैयाँ विनियोजन गरिएको भनिएको भए पनि मन्त्रालयगत विवरणमा ६ अर्ब ७० करोड ८८ लाख ३६ हजार रुपैयाँ उल्लेख छ । श्रम तथा यातायात मन्त्रालयको हकमा पनि भाषणमा ३३ करोड १० लाख रुपैयाँ भनिएकोमा विवरणमा ३४ करोड ८८ लाख ९१ हजार रुपैयाँ देखाइएको छ ।
यस विषयमा प्रतिक्रिया दिँदै अर्थ सचिव सेवन्तक पोखरेलले बजेट रकममा कुनै फरक नरहेको दाबी गरेका छन् । उनका अनुसार संघीय सरकारबाट प्राप्त हुने ८ अर्ब ११ करोड रुपैयाँ सशर्त अनुदान बजेट भाषणको कुल रकममा समावेश नगरिएकाले अन्तर देखिएको हो ।
उनले संघीय सरकारले निश्चित कार्यक्रमका लागि सशर्त अनुदान उपलब्ध गराउने र त्यही शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको बताए । खर्च नभएको रकम संघीय सरकारलाई फिर्ता गर्नुपर्ने भएकाले उक्त रकमलाई अलग रूपमा प्रस्तुत गरिएको उनको भनाइ छ ।
सचिव पोखरेलले बजेट भाषणमै 'सशर्त अनुदान बाहेक' भन्ने स्पष्ट उल्लेख गरिएको र विस्तृत अनुसूचीमा उक्त रकम समावेश गरिएको बताए । उनका अनुसार प्रदेशको आफ्नै स्रोत तथा कोषबाट सञ्चालन हुने बजेट ४१ अर्ब रुपैयाँको हाराहारीमा रहेको छ भने थप ८ अर्बभन्दा बढी रकम संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान हो ।

# ७ वर्षपछि राजर्षि जनक विश्वविद्यालयको आफ्नै भवन निर्माण प्रक्रिया सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्थापना भएको सात वर्षपछि राजर्षि जनक विश्वविद्यालय आफ्नै स्थायी भवन निर्माणको चरणमा प्रवेश गरेको छ । हालसम्म भाडाको भवनबाट प्रशासनिक तथा शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको विश्वविद्यालयले धनुषाको नगराइन नगरपालिका–फुलगामास्थित गुठीको जग्गामा भवन निर्माण प्रक्रिया अगाडि बढाएको हो । विश्वविद्यालयका लागि चयन गरिएको जग्गामा छिट्टै शिलान्यास गर्ने तयारी भइरहेको छ । भवन निर्माणका लागि गुठी संस्थानसँग करार गरी ९.५ बिगहा जग्गा वार्षिक पाँच लाख रुपैयाँ भाडा तिर्ने गरी लिइएको विश्वविद्यालय प्रशासनले जनाएको छ ।
विश्वविद्यालय भवन निर्माण कार्यका समन्वयकर्ता प्रवेश चौधरीका अनुसार भवन निर्माणका लागि आवश्यक मोटामोटी ५ बिगाहा अतिक्रमित जग्गा समेत खाली गराइसकिएको छ। चौधरीले हाल विश्वविद्यालयको नाममा कुल १४.५ बिगाहा जग्गा उपलब्ध भइसकेको जानकारी दिए। उनले विश्वविद्यालयको स्थायी भवन निर्माणलाई सफल बनाउन स्थानीय बासिन्दा, जग्गाधनी, समाजका अगुवा तथा जनप्रतिनिधिहरूले सहयोग गरेको बताए। उनका अनुसार धेरै जग्गाधनीहरूले विश्वविद्यालय निर्माणलाई साझा गौरवको विषय ठानेर स्वस्फूर्त रूपमा जग्गा उपलब्ध गराएका छन्। यसले विश्वविद्यालयको भवन निर्माण प्रक्रिया सहज र द्रुत गतिमा अघि बढ्न मद्दत पुगेको उनले बताए।
"राजर्षि जनक विश्वविद्यालयको आफ्नै भवन बनोस् भन्ने यहाँका स्थानीय बासिन्दा, समाजका विभिन्न तह तथा जनप्रतिनिधिहरूको सकारात्मक भावना र सहयोग रहेको छ," चौधरीले भने, "यही सहकार्यका कारण जग्गा व्यवस्थापनको महत्वपूर्ण काम सम्पन्न गर्न सफल भएका छौं।"
भवन निर्माणका लागि आर्थिक व्यवस्थापनतर्फ पनि प्रगति भएको छ। चौधरीका अनुसार विश्वविद्यालयको भवन निर्माणका लागि हाल ११ करोड रुपैयाँ विश्वविद्यालयको खातामा मौज्दात रहेको छ। आवश्यक प्राविधिक तयारी तथा प्रक्रियाहरू अन्तिम चरणमा पुगेकाले अब छिट्टै निर्माण कार्यलाई अघि बढाउने गरी टेन्डर प्रक्रियामा प्रवेश गरिने उनले जानकारी दिए।
राजर्षि जनक विश्वविद्यालयका रजिष्ट्रार बलराम झाले भवन निर्माणअघि जग्गाको सुरक्षा सुनिश्चित गर्नु प्राथमिक आवश्यकता रहेको बताए । उनका अनुसार नगराइन नगरपालिका र मुखियापट्टी मुसहरनिया गाउँपालिकासँग समन्वय गरेर विश्वविद्यालयको जग्गा घेराबार गर्ने काम सुरु गरिएको छ । जग्गाको चारैतर्फ पहुँच सहज बनाउन सडक निर्माणको प्रक्रिया पनि अघि बढाइएको छ । उनले विश्वविद्यालयको स्थायी भवन नगराइन नगरपालिकामै निर्माण हुने स्पष्ट पार्दै आवश्यक पूर्वाधार तयारी पूरा भएपछि शिलान्यास गरिने जानकारी दिए । भवन निर्माणका लागि आवश्यक प्रशासनिक र प्राविधिक तयारीलाई तीव्रता दिइएको पनि उनको भनाइ छ ।
नगराइन नगरपालिकाका नगरप्रमुख विनयकुमार यादवले विश्वविद्यालयको स्थायी संरचना आफ्नै क्षेत्रमा निर्माण हुन लागेकाले स्थानीयवासी उत्साहित रहेको बताए । उनका अनुसार विश्वविद्यालय स्थापनाको प्रारम्भिक चरणदेखि नै उक्त क्षेत्रको जग्गा भवन निर्माणका लागि छनोट गरिएको थियो । तर केही वर्षअघि महोत्तरीको मटिहानी नगरपालिकास्थित लक्ष्मीनारायण मठको जग्गा गुठी संस्थानसँग करार गरी वैकल्पिक रूपमा अघि बढाउने प्रयास गरिएको थियो । विभिन्न प्रशासनिक तथा कानुनी जटिलताका कारण त्यो योजना कार्यान्वयन हुन नसकेपछि पुनः नगराइनकै जग्गामा निर्माण प्रक्रिया अघि बढाइएको हो ।
नगरप्रमुख यादवले विश्वविद्यालय क्षेत्रको पहुँच विस्तार गर्न चारैतर्फ सडक निर्माणको काम सुरु गरिएको जानकारी दिए । उनका अनुसार सडक निर्माणका लागि केही भाग विश्वविद्यालयको जग्गा र केही भाग स्थानीय किसानको निजी जग्गा उपयोग गरिनेछ । यसले भविष्यमा विश्वविद्यालय परिसरमा आवतजावत सहज हुने अपेक्षा गरिएको छ ।
जग्गा घेराबार र सडक निर्माणको काम सम्पन्न भएपछि भवन निर्माण कार्य तत्काल सुरु हुनुपर्ने स्थानीयवासीको माग छ । निर्माणमा अनावश्यक ढिलाइ भए दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने चेतावनी पनि स्थानीयले दिएका छन् । राजर्षि जनक विश्वविद्यालय स्थापना र सञ्चालनका लागि विगतदेखि विभिन्न स्रोतबाट आर्थिक संकलन हुँदै आएको छ । विश्वविद्यालय स्थापनाका लागि २०५३ सालमा धनुषा र महोत्तरीका तत्कालीन प्रत्येक गाविसबाट एक–एक लाख रुपैयाँ संकलन गरिएको थियो । त्यसबाहेक सरकारी अनुदान तथा अन्य स्रोतबाट प्राप्त रकम पनि विश्वविद्यालयको कोषमा जम्मा गरिएको छ । स्थायी भवन नहुँदा विश्वविद्यालयले हालसम्म भाडाकै भवनबाट प्रशासनिक तथा शैक्षिक गतिविधि सञ्चालन गर्दै आएको छ । आफ्नै जग्गा उपलब्ध हुँदाहुँदै पनि वार्षिक करिब ७० लाख रुपैयाँ भाडा तिर्नुपर्ने बाध्यता रहेको छ । स्थायी भवन निर्माण सम्पन्न भएपछि विश्वविद्यालयको आर्थिक भार घट्नुका साथै शैक्षिक र प्रशासनिक गतिविधि थप व्यवस्थित हुने अपेक्षा गरिएको छ । स्थानीयवासी, सरोकारवाला र विश्वविद्यालय प्रशासनले लामो समयदेखि प्रतीक्षा गरिएको स्थायी भवन निर्माण प्रक्रिया सुरु हुनु विश्वविद्यालयको संस्थागत विकासका लागि महत्वपूर्ण उपलब्धि भएको बताएका छन् । भवन निर्माण सम्पन्न भएपछि मधेश प्रदेशमा उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्न तथा अनुसन्धानमूलक शिक्षालाई प्रवद्र्धन गर्न विश्वविद्यालयलाई थप सहज हुने विश्वास गरिएको छ ।

# माधव नारायणको ५० करोड बजेट



**मधेशदृष्टि**
**रौतहट ।**
माधव नारायण नगरपालिकाको ११ औँ नगर अधिबेशन मंगलबार माधव नारायण नगरपालिकाको कार्यालय माधोपुरमा भएको छ । आगामी आर्थिक वर्ष २०८३–८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरपालिकाले ११ औं नगर अधिबेशनको खुल्ला सत्र सम्पन्न गरेको हो । चालु आर्थिक वर्षको असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको लागि बजेट तथा नीति कार्यक्रम प्रस्तुत गर्नु पर्ने क[illegible]ानुनी प्रावधान अनुसार माधव नारायण नगरपालिकाले नगर अधिबेशन गरेको हो ।
लिफ्टसहितको निर्माण भएको सुबिधासम्पन्न प्रशासनिक भवनको सभाहलमा पहिलो पटक आयोजना गरिएको नगर अधिबेशनमा नगर प्रमुख बैजनाथ प्रसाद यादवले आगामी आर्थिक बर्ष २०८३–८४ को लागि ५० करोड २९ लाख २० हजार ३ सय ६३ रुपैयाँको बजेट नगर सभा समक्ष प्रस्तुत गरे ।
खर्च बेहोर्ने स्रोत आन्तरिक आय १ करोड रुपैयाँ नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ११ करोड रुपैयाँ, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ७५ लाख २० हजार रुपैयाँ, नेपाल सरकारको राजश्व बाँडफाँड तर्फ १० करोड र मधेश प्रदेश सरकारबाट आउने राजश्व बाँडफाँड ६५ लाख निति तथा कार्यक्रममा उल्लेख गरिएको छ ।
नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदान २० करोड १३ लाख मध्ये चालूतर्फ १९ करोड ४७ लाख रुपैयाँ तथा पूँजीगततर्फ ६६ लाख रुपैयाँ, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदानतर्फ अनुमानित २ करोड ५० लाख लाख रुपैयाँ, नेपाल सरकारबाट प्राप्त हुने सम्पूरक ७० लाख रुपैयाँ, प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदान ३० लाख रुपैयाँ, सम्पूरक अनुदान २० लाख रुपैयाँ र नगरपालिकाको समन्वय तथा साझेदारीमा राष्ट्रिय रोजगार प्रवद्र्धन केन्द्रबाट प्राप्त हुने ३ करोड ६ लाख ३ सय ६३ रुपैयाँ रहेको उल्लेख गरिएको छ ।
नीति कार्यक्रममा आर्थिक विकासतर्फ नागदेबाली कृषकहरु मध्ये उत्कृष्ट १० कृषकलाई २५ हजार रुपैयाँका दरले नगद पुरस्कार प्रदान गरिने घोषणा गरिएको छ । बैदेशिक रोजगारबाट फर्किआएका युवाले कुनै उद्यम व्यवसाय गर्न चाहे ५० प्रतिशत व्यवसाय करमा छुट दिइने, कृषकको उत्पादनलाई आवश्यक बाजार व्यवस्थापन, अनुदानमा आधारित कृषि मोटर बिउ तथा मलको व्यवस्था मिलाइने बताइएको छ ।
एसइइ परीक्षामा सर्वोत्कृस्ट ग्रेड ल्याई उत्तीर्ण हुने ३ छात्र र ३ छात्रालाई जनही २५ हजार रुपैयाँका दरले पुरस्कार दिइने घोषणा नीति तथा कार्यक्रम मार्फत गरिएको छ ।
नगर अधिबेशनमा नगर उपप्रमुख निर्मला देवी रमन, प्रमुख प्रशासकीय अधिकृत ऋषिकेश रेग्मी, निर्वाचित वडा अध्यक्षहरु, वड़ा सदसयहरु, कार्यपालिका सदस्य, सञ्चारकर्मीको सहभागिता थियो ।

# रास्वपा महाधिवेशन भरतपुरमा सारियो

**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशन चितवनको भरतपुरमा गर्ने गरी सारिएको छ । रत्ननगरको होटल स्टारमा गर्ने तयारी गरिएकोमा ठाउँ परिवर्तन गरी भरतपुरमा गर्न लागिएको हो ।
असार ७ देखि ९ गतेसम्म महाधिवेशन हुँदैछ । पार्टीका केन्द्रीय सदस्य एवं आवास तथा भोजन व्यवस्थापन समितिका संयोजक राजन गौतमका अनुसार भरतपुरको गेष्टहाउस चौरमा उद्घाटन समारोह हुनेछ । बन्द सत्र उद्योग सङ्घको औद्योगिक प्रदर्शनी केन्द्रमा गर्ने तयारी गरिएको छ ।
पार्किङको व्यवस्थापन केन्द्रीय बस टर्मिनलमा गर्नेगरी तयारी गरिएको गौतमले बताए । उनले भने, 'केन्द्रीय सभापतिज्यूको निर्देशनअनुसार ठाउँ परिवर्तन गर्न लागिएको हो ।' उद्घाटन सत्रमा ठूलो संख्यामा कार्यकर्ता तथा सर्वसाधारण उपस्थित हुने आकलन गरिएको छ । साथै चर्को गर्मी र पानी पर्न सक्ने भएकाले बन्द सत्र टेण्टमुनि कठिन हुन सक्ने भएकाले ठाउँ परिवर्तन गर्न लागिएको उनले बताए ।
रास्वपा चितवनका सभापति मिनिमाधव खनालले चर्को गर्मीका कारण ठाउँ परिवर्तन गर्न सोमबार जिल्लामा बैठक बसी केन्द्रमा पत्राचार गरिएको बताए । यस लगत्तै उद्घाटन सत्र गर्ने गेष्टहाउस चौरको व्यवस्थापन शुरु गरिएको छ । उद्योग सङ्घलाई प्रदर्शनी केन्द्र माग गरी पत्राचार गरिएको उनले बताए । उद्घाटन सत्रमा ५० हजार हाराहारी उपस्थित हुने अनुमान गरिएको भन्दै उहाँले त्यसको व्यवस्थापनका लागि जुटेको बताए ।
पार्टीको स्थानीय जिल्ला र नगरकमिटी, जिल्लामा रहेका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्यहरूको समन्वयमा महाअधिवेशन तयारीको काम भइरहेको छ । महाधिवेशन सम्पन्न गर्न गठित १८ वटा उपसमिति आआफ्नो काममा व्यस्त रहेको उहाँले बताए ।
पार्टीको उद्घाटन समारोहमा राष्ट्रियस्तरका राजनीतिक पार्टीका प्रमुख र छिमेकी देशका प्रतिनिधिहरूलाई आमन्त्रण गरिएको पार्टीले जनाएको छ । बन्द सत्रमा करिब तीन हजार प्रतिनिधि सहभागी हुने छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन